महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
विगु गाउँपालिका, दोलखा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरूमा सुधार तथा गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण निर्देशनालय, बागमती प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. ५७६

मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
विगु गाउँपालिका, दोलखा ।

कैफियत सहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. यस गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ४ करोड ४६ लाख ९ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू.११ लाख १५ हजार फस्यौंट भई र रू.४ करोड ३४ लाख ९४ हजार बाँकी रहेको मध्ये असुल गर्नुपर्ने रू.६९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ करोड ५३ लाख ६१ हजार, नियमित गर्नुपर्ने रू.३६ लाख ८४ हजार र पेश्की रू.४३ लाख ८० हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु १२ करोड ९२ लाख ३९ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १७ करोड ११ लाख ९० हजार रहेको छ । गाँउपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक

विगु गाउँपालिका, दोलखा

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या			दफा संख्या			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
७०	३८	४४६०९	०	८	०	७०	३०	४३४९४	६९	३६८४	३५३६१	०	०	३९०४६	४३८०

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
दोलखा	१२९२३९	०	१५४३	१२७६९६	०	४३४९४	१७११९०

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : विगु गाउँपालिका, दोलखा , बिगु गाउँपालिका , दोलखा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	शैलेन्द्र कुमार भण्डारी	२०७८-१०-२३	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	कृष्णहरि पौडेल	२०७७-६-२३	२०७८-९-१३
लेखा प्रमुख	पुस्कर देव गिरी	२०७७-९-१४	
		बेरुजु रकम	४३,४९४,४४४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२,०४,५२,५९५	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३०,९५,४६,८१०	**चालु खर्च**	२४,८६,७७,३८३.९६
प्रदेश सरकारबाट अनुदान	३,७५,७५,८१७	**पूँजीगत खर्च**	१८,८६,९१,८३७
राजश्व बाँडफाँट	८,६६,२४,१६६.६५	**वित्तीय/अन्य व्यवस्था**	७,७७,१०,१७८
आन्तरिक आय	१,१२,७५,०५७		
अन्य आय	७,६४,९३,७४८		
कुल आय	५२,१५,१५,५९८.६५	**कुल खर्च**	५१,५०,७९,३९८.९६
बाँकी मौज्दात		२,६८,८८,७९५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परीचय**	

आर्थिक कारोबारोको स्थिति

कार्यालयको नामः विगु गाँउकार्यपालिकाको कार्यालय , दोलखा ।

पद	नाम	कार्यरत अवधि		बेरुजु रकम
कार्यालय प्रमुख	श्री प्रशन्नदिप राई	2077.4.1	2077.05.31	
	श्री कृष्ण हरी पौडेल	207७.06.23	207८.3.31	
लेखा प्रमुख	श्री सविता पौडेल	2077.4.1	2077.08.31	
	श्री पुष्कर देव गिरी	2077.9.17	2078.०3.31	

आयव्यय

गत वर्षको मोज्दात	यस वर्षको थप	जम्मा रकम	खर्च रकम	बाँकी रु.
20452595	449327259	469779854	442891059	**26888795**

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्घन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, ६६३।२वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार ४४९ जनसंख्या रहेकोछ ।

स्थानीय सञ्चितकोषः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाँउपालिकालेप्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष 207७/ 7८को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

विवरण	टिप्पणी	यसवर्ष रु.			
		बजेट	आफैलेगरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ साझैभुक्तानी	जम्मा
प्रासी (क+ख)		५१०७४२२९०	449327259		449327259
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		५०६२४२२९०	445021850	०	445021850
११००० कर	११	११०२७४४८०	86624166.65	०	86624166.65
१३००० अनुदान		३७०५६२८१०	347122627	०	347122627
संघीय सरकार	१२	३०९५४६८१०	३०९५४६८१०	०	३०९५४६८१०
प्रदेश सरकार	१२	४५०१६०००	३७५७५८१७	०	३७५७५८१७
अन्तरिक श्रोत	१२	१६००००००	11275057	०	11275057
१४००० अन्य राजस्व		२५४०५०००	00	0	00
ख. अन्य प्राप्ति		४५०००००	४३०५४०९		४३०५४०९
वितरण गर्न बाकी राजस्व		०	०	०	०
कोषहरु		४५०००००	३००००००	०	३००००००
धरौटी		०	१३०५४०९	०	१३०५४०९
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०
भुक्तानी (ग+घ)		५२९०६१२९०	४४२८९१०५९.९६		४४२८९१०५९.९६
ग. भुक्तानी (सञ्चित कोषबाट)		५२४५६१२९०	४३७३६९२२०.९६		४३७३६९२२०.९६
२१००० पारिश्रमिक / सुविधा	१८	१५५०१९१२५	१३५४८६२८८.१	०	१३५४८६२८८.१
२२००० मालसामान तथा सेवाको उपयोग	१८	८२९५२६५०	६४५४६४०१.८६	०	६४५४६४०१.८६
२५००० सहायता (Subsidy)	१८	२१०१५०००	१८५५३५४४	०	१८५५३५४४
२६००० अनुदान	१८	५२५००००	५१७२३२६	०	५१७२३२६
२७००० सामाजिक सुरक्षा	१८	२७०१६०००	२३३६८११५	०	२३३६८११५
२८००० अन्य खर्च	१८	२३०००००	१५५०७०९	०	१५५०७०९
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	२३१००८५१५	१८८६९१८३७	०	१८८६९१८३७
घ. अन्य भूक्तानी		४५०००००	५५२१८३९		५५२१८३९
कोषहरु		४५०००००	२९७२६११	०	२९७२६११
धरौटी		०	२५०४१०५	०	२५०४१०५
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०
कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी			४५,१२३		४५,१२३
ङ. यो वर्षको बचत (न्युन)		०	६४३६१९९		६४३६१९९
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			२०४५२५९५		२०४५२५९५
वर्षान्तको बाकी रकम (ङ + च)			26888795		26888795

माथी प्रस्तुत गरिएको स्थानिय संचित कोष व्यवस्थापन प्रणाली को म. ले.प. फा. नं. २७२ ले नसमेटेका कारोवार निम्नानुसार छन्।

क्र. सं.	बजेट मुल शिर्षक	निकाशा	खर्च
१	स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रम	३४०००००	३४००००
२	प्रदेश पुर्वाधार विकास साझेदारी कार्यक्रम	४२०५७३९	४२०४७३९
३	गरिबसंग विशेश्वर कार्यक्रम	५००३५६	५००३५६
४	सामाजिक सुरक्षा तथा संरक्षण	६४०८२२४४	६४०८२२४४
जम्मा		७२१८८३३९	७८१२८३३९

क) उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता व्यवस्थापन प्रतिनिधित्व पत्र एंव आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतलाई आधार मानी लेखापरीक्षण ऐन 2075 को लेखापरीक्षणका अन्तराष्ट्रिय मापदण्ड र मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण गर्न सकिने व्यवस्था र स्वीकृत लेखापरीक्षण योजना बमोजिम **नमुना छनौटको** आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा देखिएका व्यहोरा सम्वन्धमा कार्यालयका सम्बन्धित पदाधिकारीसँग मिति २०७८।०६।09 मा छलफल भएको छ ।सारभुत रुपमा उल्लेखनिय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । छलफलबाट कायम भएका व्यहोराहरु निम्नानुसार छन् ।

ख) लेखापरीक्षणको क्रममा कम कर कट्टी र कृषक सहभागिता अंश नपुग समेत रु.19540 असुल गरी बैक दाखिला भएको छ ।

२ **पेश्की बाँकी** ४,३८०,०००

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,2077 को नियम 73(3) मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा देहाय अनुसार म्याद ननाघेको पेश्की रु. २ लाख १४ हजार र म्याद नाघेको पेश्की रु. ४३ लाख ८० हजार समेत कुल रु. ४५ लाख ९४ हजार फछ्यौट गर्न बाँकी रहेको छ । नियमानुसार समयमै पेश्की फर्छ्यौट गर्नुपर्ने म्याद नाघेको पेश्की फर्छ्यौट नभएको रु.

सि.नं.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	चालु आ. व.		
			म्याद नाघेको	फछ्यौंटको अन्तिम म्याद	म्याद ननाघेको
१	न्युनतम सेवा मापदण्ड सुधारका लागि स्वास्थ्य संस्था (प्रा.स्वा.के./ हे.पोलाइ ससर्त अनुदान	राम नरेश यादव	५०,०००	०९/१९/२०७७	०
२	न्युनतम सेवा मापदण्ड सुधारका लागि स्वास्थ्य संस्था (प्रा.स्वा.के./ हे.पोलाइ ससर्त अनुदान	कृष्ण कुमारी थामी	५०,०००	०९/१९/२०७७	०
३	मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम	कृष्ण कुमारी थामी	१५००००	१२/२५/२०७७	०
४	विपद व्यवस्थापन	हरि लाल आचार्य	०	०४/०३/२०७८	१७५०००
५	राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोशाक प्रोत्साहन यातायात खर्च वार्षिक समिक्षा गोष्ठी र दिवस मनाउने खर्च समेत)	कृष्ण कुमारी थामी	०	०४/१७/२०७८	३९,०००
६	वडा कार्यालय भवन निर्माण वडा नं. ४	लामा बुद्ध निर्माण तथा सामाग्री सप्लायर्स प्रा.लि.	६०००००	११/१४/२०७७	०
७	वडा कार्यालय भवन निर्माण वडा नं. ७	लामा बुद्ध निर्माण तथा सामाग्री सप्लायर्स प्रा.लि.	३६००००	११/१४/२०७७	०
८	झोरुङ खोला पूल निर्माण	बानिया त्रिवेणी लाफा जे. भि.	११४००००	१२/२६/२०७७	०
९	गाउँपालिका भवन निर्माण	बानिया त्रिवेणी लाफा जे. भि.	२००००००	२०७८/०२/३०	०

१०	महिला स्वास्थ्य स्वयमसेविकाहरूका लागि संचार खर्च	अशवन्त यादव	३०,०००	०१/२१/२०७८	०
जम्मा			४,३८०,०००		२१४०००

३			**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाँउपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ७ ऐन, १ नियमावली, ६ कार्यविधि १ निर्देशिका र १ नर्म्स समेत १६ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन। • निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन । • पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख	

			देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
४			**बजेट पेश तथा पारित** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा 207७/3/१० मा नीति तथा कार्यक्रम र बजेट पेश भई २०७७/३/१९ मा स्वीकृत गरी प्रमुखले 207७/4/५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। यस पालिकाले यस बर्ष रु. ४९ करोड ४५ लाख ६२ हजारको बजेट पारित गरेको छ ।	
५			**स्वीकृत ढाँचा** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा गाँउपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाँउपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ।	
६			**स्वीकृत ढाँचा** स्वीकृत ढाँचा स्थानीय सरकार सञ्चालन ऐन,2074 को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाँउपालिकाले २०७६।	२९,८१५,४६१

२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

क) प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचाको प्रतिवेदनले यस वर्षको आय रु.४४ करोड ९३ लाख २७ हजार र गत वर्षको मौज्दात रु.२ करोड ४ लाख ५२ हजार समेत जम्मा रु.४६ करोड ९७ लाख ७९ हजार र कुल भुक्तानी रु.४४ करोड २८ लाख ९१ हजार देखाई मौज्दात रु. २ करोड ६८ लाख ८८ हजार देखिन्छ ।
ख) गाँउपालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) ले देखाएको आय-व्यय विचको फरक सम्बन्धमा कारण र आधार सहित खुलासा गरेको छैन ।

ग) संचित कोष व्यवस्थापन प्रणालीले प्रस्तुत गरेको म ले प फारम नं 272 ले आन्तरिक आयको खण्डमा अन्य राजस्व बापत रू.३० लाख र आन्तरिक स्रोतको रु.७० लाख गरी १ करोड देखाएकोमा वास्तविक रुपमा आन्तरिक आय रु.१ करोड १२ लाख ७५ हजार रहेको र यो वर्षको बचत रु.५९ लाख ४३ हजार देखाएकोमा वास्तविक यो वर्षको बचत ६४ लाख ३६ रहेको कार्यालयले जनाएको छ।
घ) जिम्मेवारी :– स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु ५०२६८०५६ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.२०४५२५९५ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२९८१५४६१ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.

७

बैक हिसाब मिलान

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको धरौटी खातामा रहेको रु.६० लाख संचितकोषको बैंक स्टेटमेण्टमा समाबेश नभएको कारण हिसाब फरक परेको कार्यालयले जनाएको छ।

श्रेस्ता अनुसार बैक मौज्दात	बैक अनुसार बैक मौज्दात	फरक रकम	कैफियत	खुद फरक
२६८८८७९४	२०८८५११९	६००३६७५	धरौटीको कोषमा रहेको रु.६० लाख आम्दानी संचितकोषको बैंक स्टेटमेण्टमा नदेखिएको रु	६००३६७५

८

खर्च विवरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।गाँउपालिकाले उपलव्ध गराएको विवरण अनुसार चैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।वर्षान्तमा हतारमा

काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौमासिक व्यवस्थापन गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सि.नं.	खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
१	सबै	४३७३६९११०	५१२२६६०४	१०६०४२३५१	२६३४२७३५३	-

९ **क्षेत्रगत बजेट**

गाँउपालिकाको क्षेत्रगत रुपमा कुल बजेट ५२ करोड ४५ लाख ६१ हजार र खर्च ४३करोड ७३ लाख ६९ हजार को आधारमा समग्र रुपमा ८३.३७ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ ।

क्र स	क्षेत्रगत बजेट	बार्षिक	रकम	खर्च प्रतिशत
1.	आर्थिक विकास	४३१२३७६०	३६०९९२१४	८.२५
2.	सामाजिम विकास	१९८११७६०५०	१७७०७३९६६	४०.५
3.	पूर्वाधार विकास	१५४९१५४८०	१२३०२४९३९	२८.१
4.	वातावरण तथा विपद व्यवस्थापन	११६११०००	६८०९४७६	१.६
5.	वित्तिय व्यवस्थापन र सुशासन	११६७३५०००	९४३६१६२५	२१.६
6.	कार्यालय संचालन तथा प्रशासनिक			
जम्मा		५२४५६१२९०	४३७३६९२२०	१००

उपर्युक्त विवरण अनुसार गाँउसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकास ४०.५ प्रतिशत, पूर्वाधार विकासमा २८.१ प्रतिशत र वित्तिय व्यवस्थापन र सुशासनमा तथा कार्यालय संचलन र प्रशासनिकमा गरी २१.६ प्रतिशत रहेको छ । आर्थिक विकास तर्फ ८.२५ प्रतिशत मात्र रहेको देखियो ।अतः आर्थिक विकास र वित्तिय व्यवस्थापन र सुशासन क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरी सुधार गर्नुपर्दछ।

१० **संचित कोषमा रकम फिर्ता**

			आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली 2077 को नियम 45(1) मा संघीय संचित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएकव वित्तीय हस्तान्तरणको रकममध्ये सम्वन्धित आर्थिक वर्षभित्र खर्च नभइ जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान , समपूरक अनुदान र विशेष अनुदानको रकम सवही आर्थिक वर्षभित्र सम्वन्धित प्रदेश तथा स्थानीय तहले संघीइ संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ ।प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको सशर्त अनुदान रकम मध्ये रु.२२ करोड ४० लाख ०६ हजार आम्दानी भएकोमा रु. १९ करोड ६३ लाख ०२ हजार खर्च भई रु.२ करोड ७७ लाख ०४ हजार बाँकी रहेकोमा सम्बन्धित संचितकोषमा फिर्ता पठाएको छ।	
११			**समन्वय** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र गाँउपालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन । यस वर्ष गाँउसभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा गाँउपालिकावाट समेत थप बजेट छुट्याएको देखिएबाट योजनामा बजेट दोहोरो परेको अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रुपमा सञ्चालन नगरी बजेट एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरुरी देखिएको छ ।	
१२			**प्रगति विवरण** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।नियमानुसार कार्यालयले त्रैमासिक विवरण तयार नगरी चैमासिक विवरण पेश गरेको छ । अत त्रैमासिक रुपमा खर्च र प्रगति विवरण विवरण तयार गर्नुपर्दछ ।	
१३			**प्रोत्साहन भत्ता** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । कार्यालयले कर्मचारी प्रोत्साहन तथा पुरस्कार शिर्षकबाट आ.व.०७७।०७८ को नीति तथा कार्यक्रम र बजेट तर्जुमाका लागि अतिरिक्त समयमा खटिने कर्मचारीहरुलाई १ महिना बराबरको प्रोत्साहन भत्ता गो.भौ.४५४-०७८।०३।१३ बाट रु.३००५४० र करार प्राविधिक (३जनालाई) भत्ता रु.३२७४५६ कार्यपालिकाको निर्णयको आधारमा खर्च लेखेको छ। कार्यविधि तयार नगरी यो बर्ष प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ ।	
१४			**भम्रण प्रतिवेदन**	

			भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी\कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदनका साथ आवश्यक बील, भर्पाई पेश गर्नुपर्ने र त्यसैगरी नियम २१ मा तोकिएको ढाँचामा भ्रमण आदेश नम्बर सहित भ्रमण गर्ने पदाधिकारी\कर्मचारीको भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था उल्लेख छ। कार्यालयले भ्रमण खर्च शिर्षकबाट कर्मचारीहरुको दैनिक भ्रमण भत्ता बापत रु.१७५१००० खर्च लेखेको छ। तर कार्यालयको अधिकांश भ्रमण खर्च लेख्दा भ्रमण अभिलेख नराखी भ्रमण प्रतिवेदन बिना नै खर्च लेखेको साथै पदाधिकारी भ्रमण खर्च समेत अनुगमन प्रतिवेदन बिना नै खर्च लेखेको पाईएको छ। नियमानुसार प्रतिवेदन पेश गररे मात्र भ्रमण खर्च लेख्ने कार्य गर्नुपर्दछ।	
१५			**गुणस्तरीय कार्य** सार्वजनिक खरिद नियमावली 2064 को नियम ९(२) नियम ९७(३ख) तथा नियम ११७(४) मा भएको व्यवस्था अनुसार गुणस्तर परीक्षणको लागि लसागत अमान मा रकम व्यवस्था गर्नुपर्ने , सुपरिवेक्षण र गुणस्तर नियन्त्रण गर्नुपर्ने एंव निर्माण गरिएको संरचनाको उपयुक्तताको परिक्षण गरी प्रमाणित नभए सम्म त्यस्तो कुनै पनि कार्य स्वीकार गर्न नहुने व्यवस्था छ । गाँउपालिकाबाट संचालित कुनै पनि योजनाको गुणस्तर आश्वस्तता योजना पेश नभएको एंव गाँउपालिका भवन निर्माण बाहेक अन्य योजनामा गुणस्तर परीक्षण गरेको प्रमाणहरु संलग्न नरहेकोले निर्माण भएका संरचनाहर गुणस्तरीय छन् भन्न सक्ने अवस्था देखिएन । गाँउपालिकाले गुणस्तरिय कार्य गराउन विशेष ध्यान दिनुपर्ने देखियो ।	
१६			**योजना छनौट तथा संचालन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । संभव भएसम्म ठूला तथा प्रतिफलयुक्त योजना छनौट गरी संचालन गर्नुपर्दछ ।	

क्र. सं.	विवरण	योजना संख्या
१	रु १ लाख सम्म	19
२	१ लाख देखि ५ लाख सम्म	82
३	5 लाख देखि १० लाख सम्म	27
४	१० लाख देखि ५० लाख सम्म	25
५	५० लाख भन्दा माथीका योजना	3
	जम्मा	156

१७

ठेक्का सम्झौता

सार्वजनिक खरिद ऐन 2063 को दफा ८ मा सार्वजनिक निकायले खरिद कार्य गर्दा तोकिए बमोजिमको अवस्था र खरिद मूल्यको आधारमा खरिद विधि निर्धारण गर्ने र प्र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 207७ मा बजेट तथा कार्यक्रम तयार गर्दा लागत अनुमान तयार गर्ने ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गर्ने गरी व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष १५ वटा ठेक्का मध्ये स्थानीय सडक, सोलिङ तथा भवन निर्माण कार्यका लागि नियममा व्यवस्था भए अनुसारको प्रथम चौमासिकमा ठेक्का सम्झौता नगरी दोस्रो चौमासिकमा अवधिमा सम्पन्न नगरी दोस्रो चौमासिकमा ४ वटा र तेस्रो चौमासिकमा ११ वटा ठेक्का आव्हान गरेको देखियो ।दोस्रो र तेस्रो चौमासिकमा ठेक्का आव्हान गरेका ठेक्का मध्ये अधिकांश ठेक्काको कार्यसम्पन्न नभई म्याद थप भएको छ।अतः नियमानुसार प्रथम चौमासिकमा ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

१८

योजना छनौट

गाँउपालिकाले यसवर्ष 161 योजना संचालन गरेको प्रगति पेश गरेको छ।15६ योजनाको प्रगति १०० प्रतिशत र ५ वटा योजनाको प्रगति शुन्य प्रगति रहेको छ । गाँउपालिकाले सञ्चालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरुको लागत अनुमान आर्थिक वर्षभित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन ।अत: छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, सञ्चालन हुन नसकेका योजना र सञ्चालन हुन नसकेका योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया पारदर्शी बनाउनु पर्दछ ।

१९			**विमा** सार्वजनिक खरिद नियमावली 2064 को नियम ९(2) सार्वजनिक निर्माणको लागत अनुमान तथा तयार गर्दा गुणस्तर परीक्षण र विमा खर्चको लागि रकम व्यवस्था गर्नुपर्ने व्यवस्था रहेको छ । नमूना छनौटमा परेको सम्झौता मध्ये ५ वटामा मात्र विमाको व्यवस्था गरेको पाइयो । गुणस्तर परीक्षणको लागि कुनै पनि योजनामा रकमको छुट्टै प्रवन्ध गरेको पाइएन ।	
२०			**करार कर्मचारी** सार्वजनिक खरिद नियमावली 2064 मा कुनै पनि योजनामा छुट्टाएको कन्टेन्जेन्सी रकम सम्वन्धीत योजनासँग समन्धित कार्यमा मात्र प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले यो व्यवस्था विपरित कन्टेन्जेन्सी रकम लाई सम्वन्धित योजना बाहेक अन्य कार्यमा समेत प्रयोग गरेको छ । यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ ।	
२१			**करार** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ११ पदहरुमा ३३ जना कर्मचारीहरु करारमा राखी रु.१०८७५००० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले गापा प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेकको असई-२, प्रा.स.-१, का.सहायक-६ गरी ९ जना करारमा नियुक्त गरी बर्षभरीमा रु.२७८६७३६ भुक्तानी गरेको छ।दरबन्दी भन्दा बाहेक अ.स.ई-१, नियुक्त गरी खर्च लेखेको रु. क) प्राविधिक कर्मचारी तर्फ 1 जना पद रिक्त रहेको देखियो जसले गर्दा गाँउपालिकाको सेवा प्रवाहमा असर पार्ने हुदा यथासिघ्र स्थायी पदपुर्ति गर्नुपर्दछ ।	३५५,९३०
२२			**उपदानकोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१.1 मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को नियम 91.2 अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय सरकार संचालन ऐन 2074 प्रचलनमा आए पनि हालसम्म पनि 2 जना कार्यरत स्थानीय स्थायी कर्मचारीको तलब भत्तामा 10 प्रतिशत कट्टी गरी अवकास कोषमा जम्मा गरेको देखिएन। विभिन्न पदमा कार्यरत कर्मचारीको उल्लेखित ऐन अनुसार 2074 कार्तिक देखि 207८ आषाढ सम्म रकम कट्टी गरी रकम दाखिला गर्नुपर्ने देखिएको छ । स्थानीय सेवा ऐन तर्जुमा भैनसकेको, साविक स्थानीय तहबाट समायोजन भएका कर्मचारीहरुको सेवा शर्त सम्वन्धी स्पष्ट कानूनी व्यवस्था नभ{]एको कारण कट्टी नगरेको गाँउपालिकाले जनाएको छ ।	

२३ **कार्यसम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली 2064 को नियम 125 अनुसार त्रुटी सच्चाउने अवधि समाप्त भएपछि कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा गापापालिकाले त्रुटि सच्चाउने अवधि बाँकी रहेको योजना अभिलेख तयार नगरेको एंव कार्य सम्पन्न भएकै आधारमा कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने गरेको देखिन्छ । अत : सार्वजनिक खरिद नियमावली 2064 को नियम 117 बमोजिम कार्यस्वीकार प्रतिवेदन तयार गरी त्रुटि सच्चाउने अवधि बाँकी रहेका योजनाको अभिलेख राखी सार्वजनिक खरिद नियमावली 2064 को नियम 125 अनुसार मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

२४ **सेवा प्रवाह**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ङ, च) स्थानीय तहले स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन लगायतका सेवा उपलब्ध गराउनुपर्ने व्यवस्था उल्लेख छ।सो अनुसार गाँउपालिकाले यस आर्थिक वर्षमा निम्नाअनुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ ।

क्र.स	विवरण	सख्या
1.	नागरिकता सिफरिस	४१७
2.	घरबाटो सिफारिस	३४५
3.	नाता प्रमाणित	२३७
4.	जन्म मृत्यु दर्ता	७५७
5.	घर नक्सा पासको निबेदन	३४२२

२५ **समन्वय**

गाँउपालिकाले आफ्नो बार्षिक कार्यक्रम प्रदेश र संघीय सरकार वा निकायलाई र संघीय सरकार प्रदेश सरकारका निकायबाट गाउँपालिका भित्र गरिने कार्यको जानकारी पालिकालाई गराई समन्वयात्मक किसिमले कार्य गर्ने संयन्त्रको विकास गर्नुपर्दछ ।

२६ **अनुगमन खर्च**

पदाधिकारी सेवा सुविधा सम्वन्धी ऐन 2075 को दफा ७(1) मा पदाधिकारी तथा कर्मचारीलाई आफ्नो कार्यक्षेत्र भित्र कामको शिससिलामा अनुमगन गरे बापत भत्ता प्राप्त गर्ने व्यवस्था छ । सो अनुसार मात्र अनुगमन खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ ।]

२७			**आन्तरिक लेखापरीक्षण** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाँउपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
२८			**विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। स्थानीय तहले यो वर्ष विविधतर्फ रु. 41 लाख 99 हजार खर्च गरेकोमा नियमानुसार मितव्ययिता सम्वन्धि कार्यविधि तयार गरी खर्च कायम गरेको देखिएन। विविध खर्च शिर्षकमा विभिन्न प्रयोजन खुलेको र नखुलेको कार्य समेत समावेश गरी खर्च भएको छ । कार्यालयले खर्च गर्दा मितव्ययिता कायम गर्नुपर्दछ ।	
२९			**विमा** सार्वजनिक खरिद नियमावली 2064 को नियम 112 मा भएको व्यवस्था अनुसार रु 10 लाख भन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायी तथा कामकव सुरक्षाको लागि निर्माण गरिने काम , कामदार , उपकरण र तेस्रो पक्ष को विमा गर्नुपर्ने व्यवस्था भएकोमा नमूना छनौटमा परेका १० वटा योजना मध्ये ४ वटा योजना बाहेक अन्य ठेक्का प्रकृया द्वारा निर्माण गरिएका योजनमा विमा गरेको छैन। साथै उपभोक्ता समितिद्वारा निर्माण गरिएका सम्पूर्ण निर्माण कार्यमा बीमा गरिएको छैन।अत नियमानुसार बीमा गरेर निर्माण कार्यलाई सुरक्षित गराउनुपर्दछ।	
३०			**रकमान्तर** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ८(१) मा कार्यालयले वार्षिक खरिद योजना तयार गरी सोही अनुसार खरिद गर्नुपर्ने तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा विशेष परिस्थिति बाहेक अन्य विषयमा रकमान्तर गर्न नहुने व्यवस्था गरेको छ। पालिकाले वार्षिक खरिद योजना तयार नगरी ईन्टरनेट विस्तार, ईन्टरनेट सर्भर खरिद जडान तथा संचालन शिर्षकमा रकमान्तर गरी आ.व.को अन्त्यमा रु.९५०००० खर्च गरको छ। वार्षिक खरिद योजना तयार गरी अत्यावश्यक शिर्षकमा मात्र रकमान्तर गरी खर्च गर्ने परिपाटीमा मितव्ययिता कायम गर्नुपर्दछ।	
३१			**राजस्व अनुमान तथा प्राप्ती** स्थानिय सरकार संचालन ऐन 2074 को दफा 54 अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ । जस अनुसार गाँउपालिकाले यस वर्ष विभिन्न शिर्षकमा रु. 43०८९१९ आम्दानी गरेको देखिन्छ ।	

राजस्व उपशीर्षक	अनुमानित बजेट	प्राप्त रकम रु.
११३१४ भुमिकर/मालपोत	१००००००	४५३५३१
११३२१ घरवहाल कर	७०००००	३३,७४१
११३२२ वहाल विटौरी कर	५०००००	५,२७१
११६३२ अखेटोपहारमा लाग्ने कर	५०००००	०
११६९१ अन्य कर	५५०००००	८१५४८५.७
१४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	१७८५२०००	१८६९०४०
१४१५८ बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी	५०,०००	३३,८६१.१५
१४२२४ परीक्षा शुल्क	३०३०००	०
१४२४२ नक्सापास दस्तुर	१००००००	२४,०९७
१४२४३ सिफारिश दस्तुर	७०००००	२९२७५८
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	५०००००	४९,५५०
१४२४५ नाता प्रमाणित दस्तुर	५०००००	१९,२००
१४२४९ अन्य दस्तुर	२००००००	७१२३८४
१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर	५०००००	०
१४२६५ अन्य क्षेत्रको आय	२००००००	०
जम्मा	३३६०५०००	४३०८९१९

गाँउपालिकाले विभिन्न शिर्षकमा रु 3 करोड 36 लाख 05 हजार संकलन गर्ने लक्ष्य रहेकोमा 43 लाख 08 हजार मात्र संकलन भएको छ । आन्तरिक आयका सम्वन्धमा देखिएका व्यहोरा निम्न छन्

क) व्यवसाय करः- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ। गाँउपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक नगर्नुको साथै गरेको छैन ।तसर्थ गाँउपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

ख) मनोरन्जन करः स्थानीय सरकार संचालन ऐन २०७५को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशनहल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । गाँउपालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको पाइएन । नियमानुसार उक्त कर उठाउनु पर्दछ ।

ग) घर जग्गा बहाल करः गाँउपालिकाले जारी गरेको आर्थिक ऐन २०७५ को दफा ४ अनुसार गाँउपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । गाँउपालिकाले यस शिर्षकमा कुनै पनि रकम आम्दानी गरेको देखिएन।गाँउपालिकाले वहाल कर सम्वन्धमा घर सर्वेक्षण (HOUSEHOLD SURVEY) गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

३२

मुद्दाको विवरण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाँउपालिकाको उप–प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ। गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ ।समितिको कार्यमा प्रभावकारिता ल्याउनुपर्ने देखियो ।

अ.ल्या	यस वर्ष थप	जम्मा	फछ्यौट संख्या	माथिल्लो निकायमा रिफर	मौज्दात
६८	०	६८	०	0	६८

३३

जिन्सी व्यवस्थापन

			आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाधी लगत अद्यावधिक गर्नु, गराउने व्यवस्था रहेको छ। गाँउपालिकालले जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा निरीक्षण प्रतिवेदनमा उल्लेख भएका, टुटफूट भएका सामानको मर्मत गर्नुपर्ने समायोजन भएका साविकका गाँ वि स हरुले खरिद सामानहरुको यथार्त अभिलेख राख्ने लगायतका सुझाव कार्यान्वयन गरी जिन्सी व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।	
३४			**खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट मितव्ययी तवरले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सवारी मर्मत शिर्षकमा रु २६५०२८७ खर्च गरेको छ । सवारी साधन मर्मतको लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट मर्मत आदेश स्वीकृत गराई मर्मत लागत अनुमानको आधारमा सार्वजनिक खरिद नियमावली अनुसार को विधि अपनाई मर्मत गर्ने फेरिएका सामानहरुको जिन्सी दाखिला गर्ने र पुन मर्मत गर्दा वारेन्टी र ग्यारेन्टी अवधि एकिन गरी मितव्ययी तवर खर्च गर्नुपर्दछ ।	
३५			**रकमान्तर** स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 73 मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सिमा,कार्यक्रम र शिर्षक बाहिर खर्च गर्न नपाउने उल्लेख छ । गाँउपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुशार निम्नानुसार विभिन्न कार्यक्रम परिवर्तन गरेको छ । एक पटक आवस्यकता महसुस गरी तर्जुमा गरेको कार्यक्रम आर्थिक वर्षको अन्यमा परिवर्तन गर्ने कार्य उपयुक्त देखिएन ।	

कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	रकम	परिवर्तिक कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	रकम
सोरुङ खोला साङ्बा बजार सडक	१५,२७,०००	गत आ.व. २०७६/७७ प्रदेश विशेष अनुदान रकम फिर्ता	४९,५२,०००
५० प्रतिशत अनुदानमा बयर बोका वितरण	३,००,०००	विगु पोलिटेक्निक इन्ष्टिच्युट संचालनको लागि अनुदान	३,००,०००
लामाबगर लप्ची पैदल मार्ग	१०,००,०००	लामाबगर लप्ची पैदल मार्ग	१०,००,०००
अमाडोल देविथान सडक सोलिङ	५,००,०००	पदाधिकारी बैठक भत्ता	६,९६,१७५
अमाडोल देविथान सडक सोलिङ	१०,००,०००	सूचना केन्द्र संचालन, खोलिखिम	४,००,०००
सूचना केन्द्र संचालन, खोलिखिम	४,००,०००	थोपोडाँडा पदमार्ग निर्माण	३,००,०००
पदाधिकारीअन्य सुबिधा	५,००,०००	नारायणी प्रावि इ-लाइबेरी	४,००,०००
नारायणी प्रावि इ-लाइबेरी	४,००,०००	वडा कार्यालय भवन निर्माण, वडा नं. ८	३०,००,०००
वडा कार्यालय भवन निर्माण, वडा नं. ८	३०,००,०००	लप्ची गुम्बा भान्छा घर निर्माण	२०,००,०००
अन्य भत्ता	१,९६,१७५	अमाडोल देविथान सडक स्तरोन्नती	१०,००,०००
लप्ची गुम्बा भान्छा घर निर्माण	२०,००,०००	अमाडोल देविथान सडक स्तरोन्नती	५,००,०००
थोपो डाँडा पदमार्ग निर्माण	३,००,०००	शैक्षिक संस्थाहरूलाई सहायता	२,००,०००
कार्यक्रम खर्च	२,००,०००	मसलन्द तथा कार्यालय सामाग्री	५,००,०००
अन्य सेवा शुल्क	३,००,०००	घरभाडा	२,००,०००

स्टेडियम निर्माण, कभर्ड हल, खेलकुद सामग्री	३,५०,०००	सवारी साधन मर्मत खर्च	३,००,०००
अन्य सामाजिक सुरक्षा	५,००,०००	इन्धन (कार्यालय प्रयोजन)	५,००,०००
सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	५,००,०००	खेलमैदान व्यवस्थापन	३,५०,०००
करार सेवा शुल्क	७,००,०००	विविध खर्च	१०,००,०००
सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	५,००,०००	विगु पोलिटेक्निक इन्ष्टिच्युट संचालनको लागि अनुदान	१३,००,०००
सामुदायिक भवन निर्माण,लादुक मान्कोथान	१०,००,०००	पदाधिकारी बैठक भत्ता	५,००,०००
सामुदायिक भवन निर्माण,लादुक मान्कोथान	५,००,०००	विगु पोलिटेक्निक इन्ष्टिच्युट संचालनको लागि अनुदान	२,००,०००
सूचना केन्द्र संचालन, खोलिखिम	५,००,०००	विगु पोलिटेक्निक इन्ष्टिच्युट संचालनको लागि अनुदान	५,००,०००
उद्धार, राहत तथा पुनर्स्थापना खर्च	५,००,०००	अन्य भत्ता	५,००,०००
सिन्दुकी सडक सोलिङ तथा ग्याबियन जाली	१,००,०००	बहुलापोखरी पदमार्ग पर्यटन प्रबर्द्धन (हिल स्टेशन निर्माण) कार्यक्रम	४,००,०००
उपाध्यक्ष यूवा रोवगार कार्यक्रम	६,००,०००	बहुलापोखरी पदमार्ग पर्यटन प्रबर्द्धन (हिल स्टेशन निर्माण) कार्यक्रम	४,००,०००
उपाध्यक्ष यूवा रोवगार कार्यक्रम	४,००,०००	विगु पोलिटेक्निक इन्ष्टिच्युट संचालनको लागि अनुदान	१०,००,०००
अध्यक्ष कृषि अधुनिकीकरण कार्यक्रम- ५० प्रतिशत अनुदानमा हाते	१०,००,०००	विगु पोलिटेक्निक इन्ष्टिच्युट संचालनको लागि	१२,००,०००

			ट्र्याक्टर वितरण		अनुदान		
			पदाधिकारी बैठक भत्ता	५,००,०००	गाउँपालिका सम्बन्धी म्युजिक भिडियो निर्माण	४,००,०००	
			अन्य भत्ता	५,००,०००	कोभिड अस्पताल डाक्टर जोखिम भत्ता	१,००,०००	
			५० प्रतिशत अनुदानमा किविफल थाक्रा व्यवस्थापन	२,००,०००	विगु पोलिटेक्निक इन्ष्टिच्युट संचालनको लागि अनुदान	२,००,०००	
			विविध खर्च	१८,००,०००	विगु पोलिटेक्निक इन्ष्टिच्युट संचालनको लागि अनुदान	१०,००,०००	
			उद्वार, राहत तथा पुनर्स्थापना खर्च	१,००,०००	विगु पोलिटेक्निक इन्ष्टिच्युट संचालनको लागि अनुदान	३,००,०००	
			कार्यक्रम खर्च	४,००,०००	विगु पोलिटेक्निक इन्ष्टिच्युट संचालनको लागि अनुदान	५,००,०००	
			विगु पोलिटेक्निक इन्ष्टिच्युट संचालनको लागि अनुदान	५,००,०००	विगु पोलिटेक्निक इन्ष्टिच्युट संचालनको लागि अनुदान	१२,००,०००	
			विगु पोलिटेक्निक इन्ष्टिच्युट संचालनको लागि अनुदान	१०,००,०००	विगु पोलिटेक्निक इन्ष्टिच्युट संचालनको लागि अनुदान	१३,००,०००	
			विगु पोलिटेक्निक इन्ष्टिच्युट संचालनको लागि अनुदान	१२,००,०००	घरभाडा	५,००,०००	
			विगु पोलिटेक्निक इन्ष्टिच्युट संचालनको लागि अनुदान	३,००,०००	कोभिड कोष	१५,००,०००	
			विगु पोलिटेक्निक इन्ष्टिच्युट संचालनको लागि अनुदान	१३,००,०००	कोभिड कोष	५,००,०००	
			विगु पोलिटेक्निक इन्ष्टिच्युट संचालनको लागि अनुदान	२,००,०००	तरकारी संकलन केन्द्र स्थापना,सिंगटी	२,५०,०००	

खानेपानी व्यवस्थापन, वडा नं. २	५,००,०००	बाढी पहिरो नियन्त्रणको लागि ग्याविन जाली खरिद	४,११,०००
पुस्तक तथा सामग्री खर्च	५,००,०००	सवारी साधन मर्मत खर्च	५,००,०००
अनुगमन, मूल्यांकन खर्च	५,००,०००	थोपोडाँडा पदमार्ग निर्माण	१,००,०००
स्टेडियम निर्माण, कभर्ड हल, खेलकुद सामग्री	९,८८,०००	ओराङखोला सडक सोलिङ	४,००,०००
पालिकास्तरीय यूवा खेलकुद प्रशिक्षण कार्यक्रम	५,००,०००	ओराङखोला सडक सोलिङ	२,००,०००
निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	२,५०,०००	स्कार्पियो जीपको इन्जिन मर्मत	५,७७,०००
अन्य भत्ता	३,००,०००	उद्वार, राहत तथा पुनर्स्थापना खर्च	१०,००,०००
स्थानीय भत्ता	५,००,०००	मालपूर सडक	२,००,०००
फिल्ड भत्ता	५,००,०००	भ्रमण खर्च	५,००,०००
महंगी भत्ता	१०,००,०००	भ्रमण खर्च	३,००,०००
मङसारा जौस्वारा सडक निर्माण	४,००,०००	तटबन्धन कार्यक्रम, जगत	९,००,०००
कर्मचारी तालिम खर्च	३,००,०००	थाकल्पु लिङ्वा सडक निर्माण	१,५०,०००
अन्य भ्रमण खर्च	२,००,०००	मेसिनरी वाल निर्माण मान्कोथान	५,५०,०००
कार्यक्रम खर्च	५,००,०००	गुम्वा निर्माण	५,००,०००
गोंगरखोला स्यालु ग्रामिण सडक	९,००,०००	गुम्वा निर्माण	१०,००,०००
वडा कार्यलय जाने बाटो निर्माण	५०,०००	जोगिकुटी खानेपानी	१,००,०००
युवा तथा खेलकुद कार्यक्रम	२,००,०००	योमखर्क खानेपानी	२,००,०००

https://nams.oag.gov.np

५० प्रतिशत अनुदानमा तरकारी खेती कार्यक्रम	३,००,०००	चिर्कुनथान प्रतिक्षालय निर्माण	३,००,०००
सामुदायिक भवन फर्निचर व्यवस्थापन मल्दुङ	१,५०,०००	भागेटार खानेपानी	१,००,०००
थानेखर्क जोगी कुटी खानेपानी	३,००,०००	ठोप्साङ ग्याविन वाल थप निर्माण	१,००,०००
चिर्कुनथान सामुदायिक भवन	३,००,०००	सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण थामिचागु	१५,२७,०००
महिला स्वास्थ्य स्वयम सेविकाका लागि सामाग्री खरिद	१,००,०००	इन्टरनेट विस्तार कार्यक्रम	५,००,०००
इन्टरनेट विस्तार कार्यक्रम	५,००,०००	इन्टरनेट सर्भर खरिद जडान तथा संचालन	२,००,०००
इन्टरनेट सर्भर खरिद जडान तथा संचालन	२,००,०००	स्याटेलाइट फोन खरिद तथा हस्तान्तरण कार्यक्रम	२,५०,०००
इन्टरनेट विस्तार कार्यक्रम	२,५०,०००	इन्टरनेट सर्भर खरिद जडान तथा संचालन	२,००,०००
प्रविधिक कर्मचारी तालिम	१,००,०००		४,२१,१३,१७५
सु.प्र.अ. साइवर सुरक्षा तालिम	१,००,०००		

३६			**दररेट निर्धारण** सार्वजनिक खरिद नियमावली 2064 को नियम 3(ख) अनुसार निर्माण कार्यको लागत अनुमान तयार बजारमा उपलव्ध दररेटको विचार गर्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिका मातहत संचालित विभिन्न योजनामा प्रदान गरिएको जिल्ला दर रेट स्थानीय सप्लायर्सले उपलव्ध गराउने सामानको रेट भन्दा महङ्गो भएको हुदा जिल्ला दर रेट निर्धारण कार्य नै बास्तविक बस्तुविष्ट र बैज्ञानिक आधारमा तयार गरेको हो भन्न सकिएन । पालिकाले ओ पि सि सिमेन्टको रेटमा भ्याट बाहेक ८५४ राखी लागत अनुमान तयार गरेकोमा बजार दरमा ओ पि सी सिमेन्ट स्थानीय बजार दररेट लागत अनुमान भन्दा कम भएको विल पेश भएको आधारमा दररेट नै बस्तुनिष्ट भएको एकिन गर्न सकिएन ।	
३७			**आर्थिक सहायता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर गाँउपालिकाले यस वर्ष रु.६०८४४१ आर्थिक सहायता वितरण गरेको छ। आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	

३८				**रकम दाखिला** वडा तथा गाउँ पालिकाको आन्तरिक आयको दाखिला सम्बन्धमा शुत्रमा उल्लेख भएको राजस्वको संक्षिप्त विवरण अनुसार वर्षभरीको आन्तरिक आय रु. २४०६०१७ संकलन भएको देखिएतापनी बैंक दाखिला रु. १८७४९६८ मात्र गरेको पाईयो। अतः कार्यालयले कम दखिला गरेको रकम रु. ५३००४९ बैंक दाखिला गर्नुपर्ने	५३०,०४९
३९				**उपभोक्ता समितिबाट निर्माण कार्य** उपभोक्ता समितिः गाँउपालिकाले उपभोक्ता समितिबाट गराएका काममध्ये लेखापरीक्षणको क्रममा छनौट गरी परीक्षण गर्दा सार्बजनिक खरीद ऐन,२०६३ को दफा ४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको , सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ विपरित जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको, योजनाको भुक्तानीमा संलग्न गरिएका अधिकांश विल भरपाई प्रमाणित नगरेको , विवरण पूर्ण रुपमा नभरिएको, सहि छाप नभएको अवस्था देखिएको छ । त्यस्तै नियमावलीको नियम १२५.2 अनुसार कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने, नियम 115.1 अनुसार गुणस्तर परीक्षण गर्ने गराउने, समितिले गरेका खर्चको अनुमोदन गरी सार्वजनिक गर्ने, सामाजिक परीक्षण गर्ने एवम् निर्माण कार्यको स्थान पहिचान हुने गरी स्पष्ट विवरण राख्ने कार्यमा सुधार गर्नुपर्ने देखिएको छ । क) सार्वजनिक खरिद ऐन 2063 को दफा 44 अनुसार मितव्ययीता गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने सुनिश्चिता नभएको एंव नियमावली नियम 97 (12) अनुसार निर्माण कार्यको रेखदेख मर्मत संभार गर्ने जिम्मेवारी उपभोक्ता समितिमा हस्तान्तरण गर्न नसकिने प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको छ । यस प्रकारको कार्यमा नियन्त्रण गर्नुपर्दछ । ख) उपभोक्ता समिति मू अ कर :- उपभोक्ता समितिलाई मु.अ. कर भुक्तानी दिदा कामको परिमाण र कर विजक भिडान गरी बास्तविक तिरेको रकम भन्दा बढी नहुने गरी भुक्तानी दिने व्यवस्था गरेको पाईएन । ग) पुन: प्रयोग :- कतिपय पुराना संरचना भत्काई नँया संरचना निर्माण गर्दा पुन: प्रयोग हुन सक्ने सामाग्रीको अभिलेख राखी पुन प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्ने वा सो को अन्य प्रयोजनमा उपयोग गर्ने व्यवस्था गरेको पाईएन ।	
४०				**राजश्व विविध** क) राजश्व अभिलेखः नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा तथा प्रदेश नं. ३ को आर्थिक ऐन २०७४ को दफा २(झ) मा वित्तिय विवरण सम्वन्धी आवस्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। गाँउपालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्पुटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. 212 राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं 213 को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।	

ख) राजश्व परामर्श समितिः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवस्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवस्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अत नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ।

ग) रोयल्टी: स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ मा राजस्व संकलन गरी स्थानिय सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ। स्थानिय तहले राजस्वको क्षेत्र पहिचान गरी राजस्व संकलनको दायरा बढाउनु पर्नेमा पालिका क्षेत्रमा सञ्चालित, निर्माणाधिन र निर्माण सम्पन्न जलविद्युत आयोजनाको लगत तथा विवरण तयार गरी कुन कुन योजनाबाट कति रोयल्टी प्राप्त हुनुपर्ने, कति प्राप्त भयो सो को लेखाजोखा राखेको छैन। कार्यालयले पेश गरेको विवरण अनुसार अपर तामाकोशी जलविद्युत आयोजनाबाट रु. ५० लाख र सिंगटी जलविद्युत आयोजनाबाट रु. २० लाख गरी जम्मा ७० लाख प्राप्त भएको छ। विस्तृत अध्ययन अनुसन्धान गरी संबन्धित जलविद्युत आयोजनाबाट प्राप्त हुनुपर्ने रोयल्टी संकलन कार्य लाई व्यवस्थित र प्रभावकारी बनाउनुपर्दछ ।

४१

कर समायोजनपत्र ९५,५९८

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले विभिन्न निर्माण व्यसायीबाट सक्कल विल मार्फत कार्य गरी भुक्तानी दिनुपर्नेमा फोटोकपी विलको माध्यमबाट भुक्तानी दिएकोमा उक्त विजक जारीकर्ता बाट करसमायोजन पत्र पेश गर्नुपर्नेमा मा कार्यालयको मिति २०७८।८।२ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको इन्टरनेशनल अटो मोवाईलस्सको बाहेक अन्य २ को रु 164641 मिति २०७९।२।२९ मा फछ्यौंट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो । वाँकीको सक्कल विल पेश गर्नुपर्ने रु

गो.भौ-मिति	खर्च शिर्षक	सप्लायर्स	खर्च रकम
६२०-०७८।०३।२७	सवारी मर्मत	न्यू इन्टरनेशनल अटोमोबाईल्स	९५५९८
६२३-०७८।०३।२९	मसलन्द तथा कार्यालय सामाग्री		९५४८५
636/078.03.29	मेसिन औजार तथा मर्मत संम्भार	वि एण्ड वि ट्रेडर्स	69156
जम्मा			२६०२३९

४२			**वितरण भरपाई** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए, नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। वडा नं.५ ले विपद् व्यवस्थापन कोष शिर्षकबाट विभिन्न साईजको ५८ थान त्रिपाल खरिद गरी रु.१००००० खर्च लेखेकोमा खरिद त्रिपाल कहाँ, कुन अवस्थामा छन्, क-कसलाई वितरण गरिए सो सम्बन्धी विवरण तथा वितरण भर्पाई प्राप्त भएन।कार्यालयले खरिद गरेको उक्त त्रिपालको उपयोग सम्बन्धमा प्रमाण पेश गर्नुपर्ने रु.	१००,०००
४३			**वडा गत रकम संकलन** गाँउपालिकापालिको बिभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र संम्भावित आम्दानीका क्षेत्रको पहिचान गरी वडागत लक्ष्य तोक्ने र सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पहल गर्नु पर्दछ ।	

क्र.स.	वडा न.	जम्मा
1	1	१६९०७९
2	2	१३२६१५
3	3	१७६५१४
4	4	२१२८१३
5	5	१०६६६७
6	6	८०२७३३
7	7	१२२२८०
8	8	१२२३६४
९	बिगु.गा.पा. कार्यालय	9703247

४४

रसिद नियन्त्रण सम्वन्धि खाता

क) नगदी रसिद फिर्ता नभएकोः- गत आ.व. मा वडा नं ४ मा २० वटा नगदी रसिद बुझिलिएकोमा १५ वाट प्रयोग भई ५ वटा रसिद फिर्ता गरेको पाईयो। प्रयोग भएको १५ वटा रसिद मध्ये १४ वटा रसिद मात्र पेश भएको हुँदा एक प्याड नगदी रसिदको आम्दानी के कति रहेको भनी एकिन गर्न नसकिएको हुँदा कार्यालयले सोको यथार्थ छानबिन गरी एकिन गर्नुपर्दछ ।

ख) रसिद नियन्त्रण खाताः- कार्यालयले चालु आर्थिक वर्षमा प्रयोग भईरहेका नगदी रसिद प्याडको विवरण, गत आर्थिक वर्ष को अ. ल्या. गरेको विवरण, रद्ध भएको प्याड तथा रसिदको विवरण, जम्मा प्याड छपाई तथा त्यसको सिरियल नं. , वडा तथा पालिकामा बुझेको नगदी रसिदको विवरण, बाँकी रहेको स्पष्ट देखिने गरी व्यबस्थापन गर्नुपर्नेमा रसिद नियन्त्रण खाता प्रभावकारी रहेको पाइएन ।

ग) रकम ढिला दाखिलाः- आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८(४) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ ।यस पालिका अन्तरगतका वडाहरुले मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेको पाईयो ।

			भौगोलिक विकटताका कारण दैनिक दाखिला सम्भव नभएतापनी सक्दो छिटो समयमै दाखिला गर्ने तर्फ पालिका तथा सम्बन्धित पक्षको ध्यान जानु पर्दछ।		
४५			**कोरोना जोखिम भत्ता** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) विल भरपाई सहित लेखा राखी त्यसको औचित्यको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ।पालिकाले जनस्वास्थ्य अधिकृत ईश्वर कुमार खड्काको उद्दार, राहत तथा पुनर्स्थापना कार्यक्रमको पेश्की गो.भौ. ६९-२०७७।०८।१० बाट रु.४०००००फछर्यौट गर्दा देखिएका व्यहोराहरु निम्न छन। क) क्वारेन्टाईन भत्ताः क्वारेन्टाईनमा बसेका व्यक्तिहरुलाई क्वारेन्टाईन खर्च स्वरुप प्रति व्यक्ति १९० का दरले रु.२३९२३० खर्च लेखेकोमा उक्त खर्च बराबरको रकम बुझेको भर्पाई रहेतापनि उक्त ब्यक्तिहरु क्वारेन्टाईनमा बसेको प्रमाण पेश नभएकाले खर्च वास्तविक रुपमा भएको हो भन्न सकिएन।त्यसैले कार्यालयले व्यक्तिहरु वास्तविक रुपमा कार्यालयले तोकको क्वारेन्टाईनमा बसेको प्रमाण पेश गर्नुपर्ने रु. ख) कर्मचारी भ्रमण खर्चः विभिन्न कर्मचारीहरुको भ्रमण खर्च अन्तर्गत रु.१३०४९० खर्च लेखेकोमा कर्मचारीहरुको भ्रमण आदेश, बिल भएतापनि भ्रमण खर्च बुझेको भर्पाई नभएको रु.	३६९,७२०	
४६			**कर बापतको रकम फिर्ता** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-१ मा व्यक्तिगत करलाई संघको एकल अधिकार अन्तर्गत राखिएको छ। साथै उक्त ऐनको दफा ३४(२) मा संघको निर्देशन र आदेश परिपालना गर्ने स्थानीय तहको कर्तव्य रहने व्यवस्था उल्लेख छ। कार्यालयले विभिन्न मितिहरुमा बोलपत्र मूल्याङ्कन समितिको बैठक भत्ता बापत गो.भौ.४२१-०७८।०३।०१ बाट रु.१४१००० को १५% का दरले भुक्तानीमा करकट्टी बापत रु.२११५० कर खर्च नदेखाई रु.११९८५० भूक्तानी लेखेको छ। नियमानुसार संघमा पठाउन बाँकी भुक्तानीमा करकट्टि गर्नुपर्ने मा कार्यालयको मिति २०७८।८।२ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु 21150 मिति २०७९।२।२९ मा फछर्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।		
४७			**बैठक भत्ता** अर्थमन्त्रालयको कार्य संचालन निर्देशिका 2075 को बुदा नं 7.1.1 मा बैठक भत्ता प्राप्त गर्नको लागि बैठकको स्पष्ट विषयवस्तु वा कार्ययोजना हुनुपर्ने, कार्यालय समय भन्दा अधि वा पछि हुनुपर्ने, एकै निकाय वा अन्तर्गतका पदाधिकारी मात्र उपस्थिति रहेको बैठक हुन नहुने, कानून अनुसार गठित समितिको बैठक तथा आमन्त्रित रुपमा सदस्य राख्न नहुने तर विशेषज्ञता आवश्यक पर्ने बैठकमा ३ जना सम्म आमन्त्रित भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा नं 73(6) मा प्रमूख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था		

मिलाउनुपर्ने व्यवस्था रहेको छ । गापापालिकाले माथि उल्लेखित निर्देशिका बमोजिम बाहेकको बैठकहरुमा समेत स्थानीय सरकार संचालन ऐनको दफा बमोजिम बैठक भत्ता मितव्ययिता सम्वन्धि कुनै कानूनी व्यवस्था नगरी भत्ता वितरण गरेको हुदा यस प्रकारको बैठक भत्ता वितरण कार्यलाई नियमित मान्न सकिएन । बैठक भत्ताको सम्वन्धमा देखिएका खर्चको व्यहोरा निम्नानुसार रहेका छन् ।

सि.नं.	गो.भौ.-मिति	बैठक समिति	खर्च शिर्षक	खर्च रकम
१	१३४-०७७।०९।०२	बोलपत्र मूल्याङ्कन समिति	विविध खर्च शिर्षक	३१६५००
२	१३५-०७७।०९।०२	बोलपत्र मूल्याङ्कन समिति	कर्मचारी बैठक भत्ता	१३०५००
३	४२१-०७७।०३।०१	बोलपत्र मूल्याङ्कन समिति	कर्मचारी बैठक भत्ता	११९८५०

क) एकै प्रकृतीको कार्यलाई छिटो समयमा मूल्याङ्कन गरी भुक्तानी दिनुपर्नेमा विभिन्न साना साना विषयमा पनि बैठक बसेको साथै एकै प्रकृती र एकै कामको निर्णय विभिन्न चरण गरेको बैठकको माइनुट अध्ययन बाट देखियो ।यस प्रकारको कार्यमा सुधार हुनुपर्दछ ।

४८ **कार्यसम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५(क)मा सार्वजनिक निकाय प्रमुखले कुनै मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि ऐन बमोजिमको स्पेसिफिकेशन, योजना, नक्सा, डिजाईन, विशेष आवश्यकता वा अन्य विवरण तयार गरी नियम बमोजिमको अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने उल्लेख छ। तर कार्यालयले गो.भौ.२७५-२०७७।१२।२४ मा वडा नं.५, सोरुङ थाक्रे सडक खण्डको नाला, ढल, पहिरो सफा गर्ने कार्यको लागि रु.१३८००० खर्च लेखेकोमा लागत ईष्टिमेट तयार नगरी, प्राविधिकबाट जाँच नगरी डोर हाजिर मात्र पेश भएको छ। यसबाट भएको भूक्तानी वास्तविक कामको हो, होईन, प्राविधिक नापजाँच नभएकाले कामको गुणस्तर एकिन हुन सकिएन। कार्यालयले नियम बमोजिम कार्यसम्पन्न गरी खर्च लेख्ने गर्नुपर्दछ।

४९ **पारिश्रमिक कर**

आय कर ऐन २०५८ को नियम ८७, ८८ र ८९ मा कर्मचारी पारश्रमिक करको बारेमा व्यवस्था गरेको छ । कर्मचारीहरुको वार्षिक आयमा पारिश्रमिक कर लाग्ने तर कार्यालयले १% सामाजिक सुरक्षा करमात्र कट्टी गरेकाले अपुग पारिश्रमिक असुल गरी संघीय आन्तरिक राजस्व खातामा दाखिला गर्नुपर्ने मा कार्यालयको मिति २०७८।८।२ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु 43038 मिति २०७९।२।२९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>नाम, थर</th><th>जम्मा वार्षिक आय</th><th>करयोग्य आय</th><th>करयोग्य आय(१%छुट पछि)</th><th>असुल गर्नुपर्ने</th></tr>
<tr><td>1.</td><td>तिब्बिन कुमार सिवाकोटी</td><td>७०५४२०</td><td>६६५४२०</td><td>२६५४२०</td><td>४३०८४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>
महिला स्यानिटरी प्याड तालिम संचालन
महिला उत्थान कार्यक्रम अन्तर्गत वडा नं.१ बाट संचालित लक्षित महिला स्यानिटरी प्याड तालिम संचालन गर्दा गो.भो.५३४-०७८।०३।२० बाट कार्यालयले रु.२००००० खर्च लेखेको।यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन्।

क) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट हुने तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता तालिम कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएको हुनुपर्ने व्यवस्था रहेकोमा सो स्वीकृत नगरी कार्यक्रम संचालन गरेकोले तालिम कार्यक्रमको उद्वेश्य अनुरुप कार्यक्रम भए, नभएको यकिन गर्न सकिएन।

ख) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्दा आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए, नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। लक्षित महिला स्यानिटरी प्याड तालिम संचालन गर्दा बखतको माईन्युट पेश नगरेको कारण कार्यक्रममा के,कति जना सहभागी तथा प्रशिक्षकको उपस्थिति थियो सोको यकिन गर्न नसकिएको कारण माईन्युट पेश गर्नुपर्दछ।

ग)३ वटा समूहमा संचालित कार्यक्रममा प्याड बनाउने समूहको प्रत्येक अध्यक्षले रु.२५ का दरले १००० प्याड बनाए बापत एकमुष्ठ रुपमा रु.२५००० का दरले ३ जना अध्यक्षले बुझेको रु.७५००० सम्बन्धित तालिममा सहभागीलाई बुझाएको प्रमाण पेश गर्नुपर्ने रु

ङ) तालिममा प्याड निर्माणका लागि कपडा, कपास, धागो, बटम, प्रिन्ट भेला कपडा, गाडी भाडा, खानाखाजा बापतको जम्मा रु.१२३५८० र स्यानिटरी सिलाई बापतको भूक्तानी रु.७५००० गरी जम्मा रु.१९८५८० मात्र खर्च भएकाले अपुग रकम असुल गर्नुपर्ने रु.
</td><td>७५,०००</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>
थप व्ययभार
सार्वजनिक खरिद नियमावलि 2064 नियम ८ अनुसार कार्यालयले वार्षिक खरिद योजना तयार गरी सोही बमोजिम खरिद कार्य गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले पेश गरेको योजनाको प्रगति विवरण अनुसार २ पटकको जाली खरिद प्रकृयामा उहि प्रकृतिको खरिद मूल्य सुचिमा मिति २०७८।०८।२८ मा खरिद प्रकृया मार्फत गुप्तेश्वर
</td><td></td></tr>
</table>

ट्रेडर्स एण्ड सप्लायर्स २*१*१ को ३१२ थान जाली प्रति थान रु २३०० र १.५*१*१ को ३१२ थान जाली को प्रति जाली रु १७०० मा गरी रु १४१०२४० मा खरिद गरेकोमा पुन जाली आवस्यकता भएको भनी अर्को लागत अनुमान तयार गरि ठेक्का प्रकृयमा गरी २०७८।२।२१ मा खरिद प्रकृया मार्फत मानन्धर मार्केटिङ्ग अर्डर एण्ड सप्लायर्सले २*१*१ को १७५ थान जाली प्रति थान रु २९४८ र १.५*१*१ को १३५ थान जाली को प्रति जाली रु२१४४ को गरी रु ९१००३४ खर्च लेखेको छ । बार्षिक खरिद योजना तयार नगरी आवस्यकताको आधारमा खरिद गर्दा कार्यालयलाई उहि खरिद कार्यको लागि रु २२५७०९ थप व्ययभार परेको छ ।

५२

उपभोक्ता समितिबाट निर्माण कार्य

सार्वजनिक खरिद नियमावली २०६४ नियम ९७ अनुसार उपभोक्ता समितिले ठेकेदारद्धारा कार्य गराउन नहुने व्यवस्था गरेको छ । गाँउपालिकाले निम्नानुसारका योजनामा सम्पन्न गर्नको लागि उपभोक्ता समिति गठन गरी कार्य सम्झौता गरेतापनि उपभोक्ता समितिले ठेकेदारको विल ठेक्का विल पेश गरी रकम भुक्तानी गरेको कारण उक्त योजना उपभोक्ता समितिबाट गरेको भन्ने आधार रहेन । अत नियमानुसार उपभोक्ता समितिले गर्न नसक्ने कार्य तथा उपभोक्ता समितिलाई प्रत्यक्ष लाभ हुने योजनामात्र उपभोक्ता समितिबाट गराउन उपयुक्त हुन्छ ।

गो भौ नं र मिति	योजनाको नाम	उपभोक्ता समितिको नाम	ठेकेदारको नाम	भुक्तानी रकम
४-०७७।७।३	वडा नं ५ नं बाटो सरसफाई	वडा नं ५ नं बाटो सरसफाई उ स	चक्रेश्वरी बिल्डर्स	९६००००
२८-२०७७।9।1	बुलुक्वा चम्दोमन्दो गुम्वा सडक मर्मत	बुलुक्वा चम्दोमन्दो गुम्वा सडक मर्मत उ स	चक्रेश्वरी बिल्डर्स	९६००००

५३

छोलिङ्ग बौद्ध गुम्वा निर्माण

उपभोक्ता समितिबाट कार्य :- उपभोक्ता समितिबाट कार्य :- सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा उपभोक्ता समितिलाई प्रत्यक्ष लाभ हुने तथा अपनत्व हुने खालका योजना संचालन गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालये ज्याङ्गहाग छोलिङ्ग बौद्ध गुम्वा निर्माण कार्यको लागि उपभोक्ता समिति गठन गरी सो को कार्यसम्पन्न प्रतिवेदनको आधारमा गो भौ नं 166/078.1.३ बाट रु 813438 भुक्तानी गरेको छ ।यसरी उपभोक्ताको प्रत्यक्ष योगदान तथा लाभ नहुने साथै दीर्घकालिन संरक्षण हुने कुराको विश्वस्त आधार नहुने हुदा यस प्रकारको कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५४

वानिया त्रिवेणी लाफा जे भी काठमाडौं १९०,०००

गाँउपालिका भवन निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्य गत वर्ष सम्पन्न भएकोमा सो प्रतिवेदन अनुसार समग्र कार्यको लागत अनुमान रु.262881६४७ रहेकोमा यस वर्ष प्रशासनिक व्लगको मात्र रु.76082989 लागत अनुमान स्वीकृत गरी ठेक्का आव्हान गरेकोमा पर्न आएका आवेदन मध्ये सवै भन्दा कम कवोल गर्ने वानिया त्रिवेणी लाफा जे भी काठमाडौंको कवोल अंक रु.49248290 स्वीकृत गरी 31 असोज २०६९ मा कार्यसम्पन्न गर्ने गरी 15 माघ 2077 मा सम्झौता भएको देखिन्छ । यस निर्माण कार्य सम्वन्धमा देखिएका व्यहोरा निम्न छन्।

क) सम्झौता अनुसार निर्माण व्यवसायीले कार्यतालिका पेश गरेतापनि कार्यतालिका बमोजिम कार्य प्रगति नभएकोले अवधि २० महिना भध्ये 2078 आषाढ महिना सम्म ५ महिना अर्थात 25 प्रतिशत अबधि समाप्त हुदा रु.3499182 को कार्य भई 7.3 प्रतिशत मात्र काम भएको छ । अतः तोकिएको समयमा निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

ख) सम्झौता अनुसार निर्माण व्यवसायीले गुणस्तर आश्वस्तता योजना पेश गरेको छैन।तथापी गुणस्तर परिक्षणको लागि नमूना संकलन गरी परीक्षणको लागि लाहाछाप शिलवन्दी गरी पठाएको छ।तर सो को मूचुल्का तयार गरेको छैन। यसमा सुधार गरी गुणस्तर नियन्त्रण गरिनु पर्दछ ।

ग) विमा बापत भुक्तानी दिदा सम्झौताकै बखतमा त्रुटि सच्चाउने अवधि सम्मको विमा गर्न लगाएर मात्र भुक्तानी दिनुपर्नेमा सम्झौता भन्दा ५ महिना पछि 2078.3.24 मा विमा गराएको पाईयो भने त्रुटि सच्चाउने अवधि 2080.7.15 सम्मको विमा गर्नुपर्नेमा 2079.6.25 सम्मको मात्र विमा गरेको छ । तसर्थ तोकिए बमोजिमको अवधि सम्मको विमा नगरेको अवस्थामा विमा बापत भुक्तानी भएको रु.

५५

मोविलाईजेन पेश्की

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(१, ३) मा मोबिलाईजेसन पेश्की दिन सकिने व्यवस्था रहेको छ।जस अनुसार कबोल अंकको एक तिहाई सम्म मोबिलाईजेशन पेश्की रकम उपलब्ध गराउन सक्ने र निर्माण व्यावसायीलाई ३० प्रतिशत भन्दा बढी विल भुक्तानी गर्दा पेश्की रकमको ४० प्रतिशत कट्टी गर्न शुरु गरी ८० प्रतिशत रकम भुक्तानी सम्म सवै मोविलाईजेन पेश्की बापतको रकम कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ ।गाँउपालिकाले सो विपरीत निम्नानुसारको योजनाको रकम भुक्तानी गर्दा सो अनुसार कट्टी गरेको देखिएन । आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ ।

गो भौ नं र मिति	योजनाको नाम	निर्माण व्यवसायी	पेश्की रकम	भुक्तानी रकम	पेश्की कट्टी गर्नुपर्ने	कट्टी पेश्की
२७६।०७७।३।१५	वडा नं ४ को वडा भवन	बुद्ध निर्माण सेवा	६०००००	१३२२०००	२४००००	०
२११।०७७।२।२०	वडा नं ६ को वडा भवन निर्माण	बुद्ध निर्माण सेवा	६०००००	१६९१०१८	२४००००	०

५६

विमा

सार्वजनिक खरिद नियमावली २०६४ को निय ११२ मा १० लाख भन्दा बढी मुल्य को निर्माण कार्य गराउँदा निर्माण कार्यको लागि प्रयोग गरिने सामाग्री औजार तथा मानिस तथा योजनाको विमा गर्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले विभिन्न संचालन गरेको योजनाको विमा बेगर संचालन गरी भुक्तानी गरेको छ । नियमानुसार विमा गर्नुपर्दछ ।

गो भौ नं र मिति	योजनाको नाम	लागत अनुमान	निर्माण कर्ता	कवोल अंक
२७६।०७७।३।१५	वडा नं ४ को वडा भवन	६७०१९४९	बुद्ध निर्माण सेवा	३८७८५१८
५३।०७७।१०।०१	सोरुङ्ग खोला साम्वा सडक	१९६०१२५९	एस वि व्रदर्स कन्ट्रक्सन प्रा लि	९७७८३९४

५७			**कार्यक्रम संचालन** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न किवि तथा चौरी गाई पकेट क्षेत्रमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
५८			**त्रिपाल खरिद भरपाई** आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली 2077 को निमय 39(5) विल प्रमाण कागजात अनुसार खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले अघिल्लो आ. व. को भुक्तानी गर्दा म.ले.प. १८ (खर्चको कच्चा फाँटवारी) तयार गरी सोहि आधारमा भुक्तानी दिनुपर्नेमा सो विवरण तयार नगरी गो.भौ.२०५/२०७७/११/९ बाट अघिल्लो आ.व. को नसाटिएको चेकको भुक्तानी यस बर्षमा गरेको छ। साथै उद्धार, राहत तथा पुनर्स्थापना खर्चबाट गत वर्ष त्रिपाल खरिद बापतको रकम रु.१५२५५० भुक्तानी गरेकोमा सक्कल बिलको सट्टा बिलको फोटोकपीका आधारमा गरेको भुक्तानी नियमसम्मत नभएको मा कार्यालयको मिति २०७८।८।२ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु152550 मिति २०७९।२।२९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।	
५९			**सक्कल विलभरपाई** आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम 39(१०) मा विल भरपाई र प्रमाण कागजाता अनुसार खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले आईटेक एण्ड ट्रेड ईन्टरप्राईजेज सामान खरिद बापत फोटोकपि विलमा गो भौ ५८९/२०७७८/३/२४ बाट रु ४९२४५४ भुक्तानी दिएको छ।अत सक्कल विल पेश नभएको रु	४९२,४५४
६०			**खुल्ला दरभाउपत्रबाट खरिद**	

विद्यार्थी अनुपात शिक्षा नियमावली २०५९ को नियम १२ क मा सामुदायिक विद्यालयहरु एक एक आपसमा गाभिँनको लागि उक्त नियमावलीको नियमको ७७ बमोजिम हिमाली जिल्ला प्रति कक्षा विद्यार्थी संख्या ४० जना नभएको खण्डमा आपसमा गाभ्न सकिने व्यवस्था रहेको छ । गाँउपालिका मातहतमा रहेका ४० बटा सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको हुदा नियमानुसार रहेको हुदा नियममा भएको व्यवस्था अनुसार एक आपसमा गाभि शिक्षाको गुणस्तरमा बृद्धि गराउनुपर्दछ ।

https://nams.oag.gov.np

क्र स	विद्यालयको नाम	विद्यार्थिको संख्या	स्वीकृत दरवन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विधार्थि शिक्षक अनुपात
१	जन प्रावि विगु-६	४३	२	२	०	२२
२	थम्पू मावि विगु-६	२३४	७	७	४	३३
३	मानेडाँडा प्रावि विगु-६	४१	२	२	२	२१
४	सरस्वती प्रावि विगु-७	३४	३	३	१	११
५	देउढुङ्गा प्रावि विगु-७	३२	३	३	३	११
६	गौरीशंकर मावि विगु-७	२८२	९	९	४	३१
७	टाशीछिमे गाछल गुम्बा प्रावि विगु-७	६०	०	०	०	०
८	कालीदेवी प्रावि विगु-३	२९	२	२	१	१५
९	जनकल्याण प्रावि विगु-३	११	१	१	०	११
१०	भिरमुनी प्रावि विगु-३	२२	२	२	०	११
११	शारदा मावि विगु-३	२७७	९	९	६	३१
१२	बुलुङ्खानी प्रावि विगु-३	३३	३	३	१	११
१३	ग्रामीण सामुदायिक स्वा. बाविके विगु-३	१८	०	०	०	०
१४	हिमालीदेवी प्रावि विगु-५	६७	३	३	२	२२
१५	हिमालय मावि विगु-५	३१८	९	९	५	३५
१६	देवीटार आवि विगु-३	१८९	४	४	२	४७

१७	सरस्वती प्रावि विगु-५	२५	२	२	०	१३
१८	कैलेश्वरी प्रावि विगु-५	२६	२	२	०	१३
१९	जनता प्रावि विगु-५	१५	२	२	२	८
२०	हिमखण्डे भुवनेश्वरी आवि विगु-५	५९	३	३	१	२०
२१	चिर्कुनथान नमुना प्रावि विगु-५	३१	१	१	१	३१
२२	सेतीदेवी प्रावि विगु-३	४४	२	२	०	२२
२३	जमुना प्रावि विगु-८	४२	२	२	१	२१
२४	कालिन्चोक मावि विगु-८	३२१	६	६	३	५४
२५	हिमालय मावि विगु-८	४०१	१२	१२	४	३३
२६	ढुङ्गेश्वरी प्रावि विगु-४	६०	४	४	२	१५
२७	चित्रे मावि विगु-४	२७३	६	६	१	४६
२८	ग्याल्सुङ प्रावि विगु-४	३१	३	३	२	१०
२९	लिङ्वा प्रावि विगु-४	३१	२	२	१	१६
३०	शान्ति आदर्श मावि विगु-४	२८६	१४	१४	४	२०
३१	नारायणी प्रावि विगु-४	२९	३	३	२	१०
३२	गोगनेश्वरी प्रावि विगु-१	६२	३	३	०	२१

३३	ठाडीदेउलाङ आवि विगु-१	१५२	५	५	२	३०
३४	गौरीशंकर प्रावि विगु-१	६८	४	४	२	१७
३५	गोँगरडाँडा प्रावि विगु-१	१९	१	१	०	१९
३६	गौरीशंकर मावि विगु-१	४३६	१२	१२	५	३६
३७	ठोङठोङ प्रावि विगु-१	१४	१	१	०	१४
३८	देवलिङ्गेश्वर मावि विगु-२	२९५	७	७	४	४२
३९	देउलाङखानी प्रावि विगु-२	१११	४	४	३	२८
४०	शिवलिङ्गेश्वर बाविके विगु-२	१६	०	०	०	०
	जम्मा	४५३७	१६०	१६०	७१	२८

६१			**अनुगमन खर्च** आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली 2077 को निमय 39(5) विल प्रमाण कागजाता अनुसार खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकामा कार्यरत विभिन्न कर्मचारीले मिति 2078.2.3 देखि 2078.2.7 सम्म पन्जिकरणको धटना दर्ता शिविर संचालन गरेको भनी कार्यालयमा हाजिरी गरेको अवस्थामा गो भौ बाट खर्च लेखेको छ । स्याम्पलको रुपमा उक्त कर्मचारीको हाजिरी चेक गर्दा कार्यालयमा उपस्थिति भएर हाजिरी गरेको देखियो । अत: कार्यालय समयमा उपस्थिति भई हाजिर गरेर अनुमगमन गएको भनी रकम भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु	२४,०००

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कर्मचारीको नाम</td><td>स्थान</td><td>रकम</td></tr>
<tr><td>सुजन नेपाली</td><td rowspan="4">विगु गा पा को विभिन्न वडा</td><td>6000</td></tr>
<tr><td>नवराज वस्नेत</td><td>6000</td></tr>
<tr><td>रमिला औलि</td><td>6000</td></tr>
<tr><td>लोक कुमारी लुईटेल</td><td>6000</td></tr>
<tr><td>जम्मा</td><td></td><td>24000</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>सुधारिएको चुलो(बायोमास-प्रविधि जडान)
कार्यालयले सुधारिएको चुलो(बायोमास-प्रविधि जडान) खर्च शिर्षक अन्तर्गत कार्यालयले सनस्टार मल्टीप्रपोज प्रा.लि.बाट विभिन्न स्पेशिफिकेशन र संख्यामा बायोमास चुलो खरिद गरी जम्मा रु.१९७०९० खर्च लेखेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन्।

क) खरिद गरिएको Jumbo Portable Green Way Smart Stove १३ वटा रु.८७८७.६१ र Green way smart stove ८ वटा रु.७५२२.१२ दरले खरीद गरेकोमा सो सामाग्री के, कति वितरण भए, वितरण गरी कति बाँकी रहे सोको विवरण प्राप्त भएको छैन।साथै वितरण कार्यविधि के हो स्पष्ट भएको छैन।अत : खरिद चुलोको के, कति, कहाँ वितरण गरियो, यसको उपयोगको अवस्थाको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१९७,०९०</td></tr>
<tr><td>६३</td><td></td><td></td><td>कृषि कार्यक्रम
कार्यालयले ७५% अनुदानमा तरकारी बिउ वितरण गर्ने विनियोजित कार्यक्रम अनुसार एग्रो टप ट्रेडर्सबाट भण्टा, पालुङ्गो आदि तरकारीको बिउ, औषधी खरिद गरी गो.भौ.२-०७७।०९।०२ बाट रु.२८२,६४० खर्च लेखेको छ। जसमध्ये २५% कृषक सहभागिता बापत रु.३२६१४ जम्मा भएको छ।खरिद गरिएको भध्ये कृषकलाई वितरण गरी बाँकी रहेको रु.१५२,१८४ बराबरको तरकारी बीउ, औषधीको उपयोगको अवस्था कार्यालयले यकिन गर्नुपर्ने साथै वितरण कार्य समयमा नै गरी सबै गाउँपालिका बासिको पहुँचमा पुर्‍याउदै गरी कृषि उत्पादनको उत्पादकत्व बढाउने कार्य तर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>रकम फिर्ता
संघीय सशर्त अनुदानबाट संचालित कार्यक्रमहरु संचालन गरी बाँकी रहेको रकम संघीय संचितकोषमा नै फिर्ता गर्नुपर्ने प्रावधान रहेको छ। तर कार्यालयले निम्न कार्यक्रम र गो.भौ.बाट फिर्ता बाँकी रकमलाई गाउँपालिका संचितकोषमा नै दाखिला गरेको पाईएकाले संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.</td><td>१६३,८२९</td></tr>
</table>

सि.नं.	गो.भौ.-मिति	कार्यक्रम	फिर्ता रकम
1.	३०९-०७८।०३।१८	मातृ तथा शिशु कार्यक्रम	४८०००
2.	१४८-०७७।१२।१८	आमा सुरक्षा, गर्भवती उत्प्रेरणा	३५२००
3.	१५२-०७७।१२।१८	गरिब पहिचान तथा परिचयपत्र वितरण	४००४
जम्मा			८७२०४

			संघीय सशर्त अनुदानबाट संचालित कार्यक्रमहरु संचालन गरी बाँकी रहेको रकम संघीय संचितकोषमा नै फिर्ता गर्नुपर्ने प्रावधान रहेकोमा पालिकाले कृषि कार्यक्रम अन्तर्गत लागत सहभागितामा आधारित कृषि उपज संकलन तथा बजार पूर्वाधार निर्माण कार्यको लागि गो भौ नं 72/078.3.30 बाट रु 300000 को पेश्की फछ्र्यौट गर्दा रु 223375 को विल भरपाई पेश गरी बाँकी रकम रु. ७६६२५ स्थानीय गाँउपालिकाकै खातामा जम्मा गरेको देखियो । अत केन्द्रिय खातामा जम्मा गर्नुपर्ने रु.	
६५			**प्रमाण पेश** सरकारी निकाय वा अन्य संस्थालाई आर्थिक सहयोग उपलब्ध गराएको रकम सो संस्थाले आफ्नो बजेटमा समावेश गरी आम्दानी देखाई खर्च गर्नुपर्दछ। पालिकाले जिल्ला स्थित रेडक्रस ब्लड बैंकलाई गो.भौ.३४७/२०७८/१/३० बाट रु.५००००० आर्थिक सहयोग गरेको छ।रेडक्रसले अनुदान प्राप्त रकम आफ्नो आय-व्यव बिवरणमा समावेश गरी खर्च गरेको प्रमाण पेश गर्नुपर्दछ।	
६६			**बढी भुक्तानी** आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम 39(10) जिम्मेवार पदाधिकारीले विल भरपाई सहित लेखा राख्ने र सोको औचित्यताको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसार विद्यालयलाई दोस्रो किस्ता बापतको रकम भुक्तानी गर्दा विद्यालयले भर्ना भएको प्रमाण तथा किताव किनेको विल पेश गरेको आधारमा अधिकतम् २५ प्रतिशत सम्म रकम भुक्तानी गर्न सक्ने व्यवस्था रहेकोमा सो गरेको पाइएन । अत: विल भरपाई भन्दा बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.	८६,९६९

बिद्यालयको नाम	निकाशा रकम	प्राप्त विल भर्पाई रकम	फरक रकम
ठाडिदेउलाङ्ग आ. वी. विगु १	७८५४७	६७७९५	१०७५२
गौरी शंकर मा.वी. विगु १	२३९७०४	२२५११९	१४५८५
शान्ति आदर्श मा. वी. विगु ४	१४१९३१	१३६८३८	५०९३
नारायणि प्रा. वी. विगु ४	१०२५७	८८९५	१३६२
कैलेश्वरी प्रा. वी. विगु ५	१३८०६	८१९३	५६१३
गौरी शंकर मा.वी. बिगु ७	१६४५०१	१२६१८८	३८३१३
थम्पु मा. वि. विगु ६	१४९५६५	१४००७४२	८८२३
ढुङ्गेश्वरी प्रा. वि. विगु ४	२४५२८	२२१००	२४२८
जम्मा			८६९६९

६७

अनुगमन खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली 2077 को 39(७ र ८) मा सरकारी निकायबाट प्राप्त अनुदान रकमबाट कुनै तालिम सेमिनार गोष्ठी कार्यशाला जस्ता कार्यक्रम संचालन गर्दा लागत अनुमान स्वीकृत गरी सोही बमोजिम कार्यक्रम संचलन गरी सोको यथार्थ वितरण देखिने गरी प्रतिवेदन तयार गरी कार्यालय प्रमूखबाट स्वीकृत गराउनुपर्ने र अन्त्यमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ । निम्नानुसार योजनामा सो प्रकृया अवलम्वन गरेको पाइएन । अत: नियमानुसार आधिकारीक निकायबाट अनुमगन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

https://nams.oag.gov.np

भौ.नं	विद्यालयको नाम	कार्यक्रम	रकम
२२३/२/१२	विभिन्न विद्यालयलाई	शिक्षक तथा बिद्यार्थिलाई CUG सेवामा आवद्ध गर्न	९७८०००
२२४/३/१			८९३६००
२६७/३/४	गौरीशंकर मा.वी. बिगु-७	पुस्तकालय स्थापना तथा व्यबस्थापन	६५००००
२९६/३/१६	देविलिङ्गेश्वर मा. वी. बिगु २	विज्ञान प्रयोगशाला कर्यक्रम	६५००००
१९७/१/२७	गौरिशंकर मा वी. विगु -१	पुस्तकालयमा आधारित पाठ्यपुस्तक (५०००० का दरले)	१५००००
	शान्ति आदर्श मावी विगु ४		
	हिमालय मा. वी. विगु ८		
३५२/३/२२	गौरीशंकर मा.वी	शिक्षामा नविन प्रविधि प्रवर्धन	६५००००
३५३/३/२२	चित्रे मा वी.	कम्पुटर ल्याब स्थापना	६५००००
३५४/३/२२	हिमालय मा वी.	शिकाई सामग्रि उपलब्धि अभिवृद्धि	६५००००
३५५/३/२२	हिमालय मा वी.	शिक्षामा विज्ञान प्रविधिको प्रयोग	६५००००
३५५/३/२२	थम्पु मा. वी.	सिकाई सामग्रि प्रविधिको प्रवर्धन	६५००००
३५७/३/२२	हिमालि देवी मा. वी.	शिक्षामा नविन प्रविधि प्रवर्धन	६५००००
३५८/३/२२	देविटार आधारभुत बिद्यालय	शिक्षामा नविन प्रविधि प्रवर्धन	६५००००
जम्मा			७८७१६००

६८

दोहोरो घर भाँडा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) जिम्मेवार पदाधिकारीले विल भरपाई सहित त्यसको औचित्यको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले कार्यालय प्रयोजनको लागि ९ कोठाको लागि मासिक प्रति कोठा ३३०० का दरले भुक्तानी गर्ने गरी घरधनी श्री विष्णु तामाङ्गसँग सम्झौता गरेको छ । सम्झौता अनुसार भाँडा भुक्तान गर्दा बार्षिक रु ३११९४० भुक्तानी हुनुपर्नेमा रु ४६७८२० भुक्तानी भई रु ६ महिनाको भाँडा रु १५५८८० बढी भुक्तानी भएको छ । अत बढी भुक्तानी भएको रु असुल गरी दाखिला गर्नुपर्ने मा कार्यालयको मिति २०७८।८।२ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु 155880 मिति २०७९।२।२९ मा फछ्यौंट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।

६९

खुल्ला दरभाउपत्रबाट खरिद

१,७५८,३२९

सार्वजनिक खरिद नियमावली २०६४ नियम ३१(१) अनुसार सार्वजनिक निकायले ५ लाख लेखि बीस लाख सम्म लागत अनुमान भएको मालसामान खरीद गर्दा बेलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले निम्न भौ नं / मितिबाट फर्निचर, कार्यालय सामान खुल्लादरभाउपत्रको आधारमा खरिद गरेको छ । गाँउपालिकाले वार्षिक आवस्यकता पहिचान गरी खरिदको योजना बनाई नियममा व्यवस्था भए बमोजिम खरिद प्रकृया अपनाई मालसामान खरिद गर्नुपर्नेमा खुल्ला दरभाउपत्रबाट खरिद गरेको रु.

गो भौ नं र मिति	आपूर्तिकर्ता	सामानको विवरण	रकम
14/077.7.19	निरिजमा मेडिको सप्लायर्स	विभिन्न मेडिसिन	499643
18/077.7.21	रमास मेडिसिन सप्लयार्स	विभिन्न मेसिसिन तथा मेडिसिनन्य सामाग्री	499871
42/077.8.22	अथिति फर्मा एण्ड ट्रेड प्रा लि	न्यायो झोला	199874
44/077.8.22	निरिजमा मेडिको सप्लायर्स	विभिन्न मडिसिन	168191
319/078.3.30	अथिति फर्मा एण्ड ट्रेड प्रा लि	विभिन्न मेडिसिन	214750
369/078.3.23	महालक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्स	अक्सिजिन कन्सन्टेटर	176000
			1758329

७०

जिन्सी दाखिला

			आर्थिक तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५(१) मा कार्यालय प्रमूखले कार्यालयलाई खरिद तथा अनुदानबाट प्राप्त भएको जिन्सी तथा मालसामनको विवरण र मूल्य समेत खुलाई सम्पति तथा जिन्सी कितावमा सात दिन भित्र आम्दानी बाँधी लगत राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले मिनि डिजिटल माटो ल्याव तथा परीक्षण बापत रु ४७६८६० का विभिन्न सामाग्री खरिद गरेकोमा सो सामाग्री जिन्सी खातामा आम्दानी बाँधेको एंव सो को उपयोग गरी सेवा प्रवाह गरेको नदेखिएकोमा कार्यालयको मिति २०७८।८।२ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु 476860 मिति २०७९।२।२९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो	
७१			**छाता वितरण भरपाई** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली 2077 अनुसार सार्वजनिक निकायले सम्वन्धित खर्च शिर्षकबाट खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। पालिकालले संघीय सशर्त चालू अन्तर्गत स्थानीय तहका स्वास्थ्य चौकी, प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव, महगी भत्ता, स्थानीय भत्ता, पोषाक लगायत प्रशासनिक खर्च समेत शीर्षकबाट ६५ वटा क्याट व्याग र ६५ थान छाता वितरण गरेको भनी गो भौ नं 368/078.3.23 बाट रु. 439580 खर्च गरेको छ । अत: शीर्षक फरक पारी खर्च गरी अनियमित भएको रु. क) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली 2077 को नियम 39(10) विल भरपाई सहित लेखा राखी सो को औचित्यताको आधारमा भुक्तानी दिनुपर्नेमा गा पा ले माथी उल्लेखित ६५ झोला तथा छाताको भरपाई वेगर खर्च लेखको छ ।वितरण गरेको भरपाई पेश गर्नुपर्दछ ।	४३९,५८०
७२			**खरिद** आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली 2077 को निमय 39(5) विल प्रमाण कागजाता अनुसार खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले आवस्यकता पहिचान बेगर ४ वटा पानी ट्याङ्कि सहित हात धुने सामाग्री खरिद भनी गो भौ 369/078.3.24 बाट क्रिष्टल निर्माण सेवालाई रु 180000 भुक्तानी गरेको छ । खरिद गरेको समाग्री कुन कुन स्थानमा जडान गरी प्रयोग भएको प्रमाण पेश भएको छैन । कार्यालय परिसरमा रहेको एक सेट प्रयोग विहिन अवस्था रहेको छ । अत : आवस्यकता पहिचान वेगर खर्च भएको रु.	१८०,०००
७३			**जिन्सी दाखिला** आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली 2077 को निमय 39(5) विल प्रमाण कागजाता अनुसार खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ ।गाँउपालिकाले ले खरिद आदेश तथा दाखिला प्रतिवेदन बेगर गो भौ नं 381/078.3.24 बाट ऐश्वर्य स्टेशनरी अर्डर एण्ड सप्लायर्श लाई 3 थान दराज 3 थान रिभल्भिङ्ग चियर र 3 थान मिनि डिप्पेन्सर खरिद गरेको भनि रु . 101700 खर्च लेखेको छ । अत : सामान खरिद गरेको प्रमाण पेश गर्ने वा असुल गरी दाखिला गर्ने रु	१०१,७००
७४			**हाजिरी गरेर अनुगमन भत्ता भुक्तानी** आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम 39(१०) विल भरपाई तथा प्रमाण कागजात अनुसार खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । पालकाले पालिका मातहत कार्यरत विभिन्न 3 जना कर्मचारीले पोषण कार्यक्रममा अनुगमन गरेको भनी कार्यालयमा हाजिरी गरेरै गो भौ नं 401/078.3.27 बाट रु 46800 खर्च	३०,०००

			लेखेको छ । नमूना रुपमा उक्त कर्मचारीको हाजिरी चेक गर्दा कार्यालयमा उपस्थिति भएर हाजिरी गरेको देखियो । अत: कार्यालय समयमा उपस्थिति भई हाजिर गरेर अनुगमन गएको भनी रकम भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.	
७५			**रकम फिर्ता** कोरोना (कोभिड १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ को बुदा नं ६(२) अनुसार प्रदेश तथा स्थानीय तहले कोभिड नियन्त्रण कार्यमा खटाएका जनशक्तिलाई सम्वन्धित प्रदेश सरकार तथा स्थानीय तहले नै जोखिम भत्ताको व्यवस्था गर्नुपर्दछ । पालिकाले संघीय ससर्त अनुदान शिर्षकको गो भौ 351/078.3.22 बाट रु. 531000 र गो भौ नं ३83।०३।25 बाट रु 810000 गरी कुल रु. 1341000 खर्च लेखेको छ । उल्लेखित आदेश विपरित संघीय अनुदानबाट खर्च लेखेको रकम संघीय खातामा फिर्ता गर्नुपर्ने रु	१,३४१,०००
७६			**खाध्य सुरक्षा कार्यक्रम** अर्थ मन्त्रालयबाट जारी गरिएको कार्य संचालन निर्देशिका 2075 को सातौ संशोधन को बुदा नं 7 अनुसार सार्वजनिक निकायले कुनै कार्यक्रम संचालन गर्दा सहभागिलाई रु 700 का दरले सहभागी भत्ता र यातायात खर्चको हकमा २ दिने कार्यक्रम भएको हकमा रु 200 र २ दिन भन्दा जति दिन कार्यक्रम संचालन भएमा रु 500 का दरले प्रदान गर्न सकिने व्यवस्था गरेको छ । गाँउपालिकाले संचालन गरेको वडा स्तरीय तथा खाध्य सुरक्षा कार्यक्रममा गो भौ नं 207150 खर्च लेखेकोमा निम्नानुसार व्यहोरा देखियो । क) विभिन्न वडामा मा संचालित कार्यक्रममा निर्देशिका अनुसार 15 सहभागीलाई 200 का दरले यातायात खर्च प्रदान गर्नुपर्नेमा रु. ७०० का दरले भुक्तानी गरि बढी भुक्तानी गरेको 7500 , 13 जनालाई ७०० दरले भुक्तानी हुनुपर्नेमा 800 का दरले भुक्तानी गरी वढी भुक्तानी भएको ७८०० र 15 जनालाई रु ७०० का दरले भुक्तानी दिनुपर्नेमा रु 1000 का दरले भुक्तानी गरी बढी भुक्तानी भएको रु. 12000 भुक्तानी गरि बढी भुक्तानी भएको रु 27300 असुल गरी दाखिला गर्नु	२७,३००
७७			**भ्याक्सिन प्रयोग** भ्याक्सिन खरिदः कार्यालयले शिखर ट्रेडिङ हाउसबाट विभिन्न पशु भ्याक्सिन बापतको भूक्तानी गरी गो.भौ.३-०७७।०९।०२ बाट रु.१९९,९८५ खर्च लेखेको छ।खरिद गरिएका भ्याक्सिन के, कहाँ, कति मात्रामा उपयोग भए सो विवरण प्राप्त भएको छैन। यसरी खरिद गरेको भ्याक्सिन समयमा नै कृषक वर्गमा पुर्‍याई अपेक्षित प्रतिफल हासिल गर्ने तर्फ ध्यान दिनुपर्दछ।	
७८			**पुष्टाई कागजात** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली 2077 को 39(७ र ८) मा सरकारी निकायबाट प्राप्त अनुदान रकमबाट कुनै तालिम सेमिनार गोष्ठी कार्यशाला जस्ता कार्यक्रम संचालन गर्दा लागत अनुमान स्वीकृत गरी सोही बमोजिम कार्यक्रम संचलन गरी सोको यथार्थ वितरण देखिने गरी प्रतिवेदन तयार गरी कार्यालय प्रमूखबाट स्वीकृत गराउनुपर्ने र अन्त्यमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले बिगु पोलिटेक्निक ईन्स्टिच्युटलाई अनुदान रकम प्रदान गरेकोमा	३५०,०००

सोको बिल, भर्पाई तथा अनुगमन प्रतिवेदन पेश भएको छैन।अत: नियमानुसार आधिकारीक निकायबाट अनुमगन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । पालिकाले कार्यपालिकाको निर्णय बमोजिम गो.भौ. २१७/२०७७/११/१० बाट विगु पोलिटेक्निक ईन्स्टिच्युट संचालनको लागि तिन किस्तामा गरि रु. ४५००००० रकम अनुदान दिएकोमा सो अनुदानको रकम के कस्तो कार्यमा प्रयोग भएको, अनुदानको सही सदुपयोग भए-नभएको सम्बन्धमा अनुदान रकमको प्रभावकारिताको अनुगमनका साथै खर्चको पुट्याईं गर्ने कागजात पेश गर्नुपर्ने रु.

भौं नं.मिति	रकम	स्रोत
२१७/२०७७/११/१०	१५०००००	ने.स. संघीय राजस्व बाँडफाँड
२८८/२०७८/१/२	१००००००	

७९

कार्यक्रम खर्च

पालिकाले यस बर्ष दलित उत्थान कार्यक्रम तथा पञ्चेबाजा बितरण कार्यक्रम गरी बिभिन्न परम्परागत पेशा तथा बिपन्न वर्गको उत्थानका लागि कार्यक्रम सञ्चालन गरेकोमा सो कार्यक्रमबाट लक्षित बर्गमा पुगेको लाभको प्रभावकारिता तथा उनिहरुको जिवनमा त्यस कार्यक्रमले ल्याएको लाभको लेखाजोखाका लागि आवश्यक अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्ने र यस्ता कार्यक्रम सञ्चालन गर्दा वास्तविक लक्षित बर्गलाई लाभ पुग्ने गरी तथा मितव्ययी ढंगले गर्नुपर्दछ।

गो.भौ/ मिति	विवरण	रकम
४६०/२०७८/३/१३	दलित उत्थान कार्यक्रम (आरन व्यवसायिलाई प्रविधिमैत्रि औजार वितरण)	१०००००
४८४/२०७८/३/१५	दलित उत्थान कार्यक्रम (आरन व्यवसायिलाई प्रविधिमैत्रि औजार वितरण)	१०००००
४९३/२०७८/३/१६	पञ्चेबाजा वितरण कार्यक्रम वडा नं ५ मा	१०००००

८०

कार्यक्रम संचालन

आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली 2077 को निमय 39(१०) मा विल भरपाई तथा प्रमाण कागजात अनुसार खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले खेलकुद प्रवर्द्धन कार्यक्रम अन्तर्गत बिगु गाँउपालिका वडा नं. ३ वडास्तरीय पुरुष भलिवल खेलकुद कार्यक्रम सञ्चाल गरेको भनी गो भौ नं ५/२०७७/१०/१९ रु ५००००० भुक्तानी भएको छ ।पुरुस्कार सहितको कार्यक्रम भनिएकोमा विनियोजित बजेट सवै रकमको विल भरपाई अनुसार खर्च भएकोमा पुरुष्कारको लागि रकम छुट्टाएको नदेखिएकोले उद्देश्य अनुरुप कार्य संचालन भएको भएको हो भन्ने कुरामा बिश्वस्त हुन सकिएन।

८१ **पावर टिलर खरिद**

आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली 2077 को निमय 39(१०) मा विल प्रमाण एंव प्रमाण कागजात सहित खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष ५० प्रतिशत अनुदानमा वितरण गर्नका लागि एस के ट्रेडर्सलाई प्रति पावरटिलर ५०००० दरले ६ थान को ५०५/२०७७/३/१८ बाट रु ३००००० भुक्तानी भएको छ। पालिकाले लाभग्राही कृषक छनौट गर्दा उनिहरु आवस्यकता अनुरुप कार्ययोजना तथा कार्यविधि तयार गरी छनौट गर्नुपर्नेमा वडाको सिफारिसमा वितरण गर्ने गरेको देखियो । अत कार्यविधि तयार गरी अनुदान रकम वितरण प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

८२ **चौरी संरक्षण कार्यक्रम** २५०,०००

चौरी संरक्षण कार्यक्रम अन्तर्गत निम्नानुसार खर्च भएकोमा सामाग्री खरिदको दाखिला तथा हस्तान्तरण फारम संलग्न नभएको , उक्त सामाग्रीको उपयोग चौरी संरक्षण कार्यमा भएको प्राविधिक प्रतिवेदन अनुगमन प्रतिवेदन तथा सम्वन्धित बडाको सिफारिस समेत पेश नभएकोले सो पेश हुनुपर्दछ ।

क्र स	गो भौ नं र मिति	सामाग्री विवरण	रकम
1.	३२।०७८।०३।२५		२९८०३४
2.	३३।०७८।०३।२५		७५०००
3.	३८।०७८।०३।२९	त्रिपाल ४५ थान	१२६९६६
जम्मा			५०००००

क) साझेदारी चौरी संरक्षण कार्यविधि 2077 अनुसार ५० प्रतिशत बापत कृषकको लागत अनुमान सहित कार्यालयको 50 प्रतिशत बापत मात्र भुक्तानी हुनुपर्नेमा कार्यालयले १०० प्रतिशत खर्च गरी वढी व्यय भार भएको रु.

८३ **आधुनिक बैज्ञानिक र अनुसन्धानमा आधारित कृषि तथा पशुपालन कार्यक्रम** १,१३०,४३९

आधुनिक बैज्ञानिक र अनुसन्धानमा आधारित कृषि तथा पशुपालन कार्यक्रमहरु लाई प्रोत्साहन र प्रबर्दन गर्ने हेतुले प्रदेश सरकारको शर्सत अनुदान रकमबाट थामीटार एग्रोभेट रिसर्च सेन्टर विग-५ मा स्थापना गरेकोमा निम्नानुसारका शीर्षकमा खर्च भएको देखिन्छ ।

गो भौ नं र मिति	कामको विवरण	कार्यसम्पन्न	भुक्तानी	खरिद विधि
07/078.3.15	पूर्वधार निर्माण	6005883	5000000	उपभोक्ता समिति मार्फत
35/078.3.25	पर्वाधार निर्माण	628964	628964	पेश्की मार्फत सोझै खरिद
25/078.3.15	गाई खरिद ५ (बाच्छा बाच्छि सहित)	645000	645000	वोलपत्रको माध्यम
26/078.3.23	भैसि खरिद १० (पाडापाडि सहितको)	1780000	1780000	वोलपत्रको माध्यम
27/078.3.23	वोका खरिद ९ वटा	499400	499400	सोझै खरिद
36/078.3.28	हेरालु खर्च	72000	72000	डोर हाजिर भरपाई
37/078.3.28	सामन ढुवानी खर्च	330000	330000	सम्झौता अनुसार दैनिक रु 5500 का दरले
39/078.3.29	विभिन्न सामान खरिद	430998	430998	पेश्की मार्फत सोझै खरिद
40/078.3.29	डिफ्रिज लगायत खरिद	198810	198810	पेश्की मार्फत सोझै खरिद
48/078.03.30	पराल भुसा खरिद	227360	200000	
जम्मा		10818416	९७८५१७२	

यसमा सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

क) संस्था मार्फत सम्झौता अनुसारका कार्य सम्पादन गर्नुपर्नेमा उपभोक्ता समिति मार्फत एंव पेश्की दिई सोझै खरिद गरेको निर्देशिका तथा खरिद कानून सम्मत देखिएन ।

ख) निर्देशिकाको बुदा नं 11 बमोजिम कूल लागत न्यूनतम लागत सहभागिता 20 प्रतिशत हुनुपर्नेमा रु. 10818416 को खर्चको विवरण प्राप्त भएकोले सो को 80 प्रतिशत ले हुने रु 8654733 मात्र खर्च लेख्नुपर्नेमा रु 9785172 खर्च भएको देखिएकोले निर्देशिकाले तोके भन्दा रु 1130439 बढी खर्च रु

ग) भौ नं 20,39 र ४० बाट खरिद गरिएको रु १२५८७७२ मूल्य बरावरको विभिन्न सामाग्रीको सम्वन्धित रिसर्च संस्थामा जिन्सी दाखिला तथा उपयोग भएको प्रतिवेदन पेश गर्नुपर्दछ ।

			घ) सामान ढुवानी बापत प्रतिदिन 5500का दरले रु 330000 खर्च लेखेकोमा १८ प्रकारका सामान ढुवानी गरेको एंव खरिद कार्यमा जादा र अनुगमनको क्रममा प्रयोग भएको जनाएको छ ।यस्तो खर्चमा मितव्ययीता अपनाउनुपर्दछ । ङ) निर्देशिकाको बुदा नं 12 अनुसार सम्वन्धित सरोकारबालाहरु एंव गाँउपालिका प्राविधिक बाट अनुगमन मूल्याङ्कन तथा बुदा नं 13 अनुसार गाँउपालिकाबाट स्थलगत निरिक्षण गरी सिफारिस गर्नुपर्ने सो गरेको देखिएन । अत : निर्देशिकाको अनुसुचि-२ अनुसार व्यवसाय योजना तयार गरी प्राप्त अनुदानको उद्देश्य प्राप्त हुने गरि रिसर्च सेन्टर संचालन गर्नुपर्ने देखिन्छ ।	
८४			**सेनिटरी प्याड खरिद** सेनटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि 2076 मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्वन्धीत स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा बढीमा प्रति विद्यार्थी १६ वटा सेनेटरी प्याड वितरण गर्ने गरी सम्वन्धीत विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रकृया सुचारु गरी तेस्को भरपाई तयार गरी अर्को महिनाको ७ गते सुचना पार्टिमा विवरण टास्नु पर्ने व्यवस्था उल्लेख गरेको छ । गाँउपालिकाले उक्त प्रकृया पुरा नगरी यस वर्ष उक्त शिर्षकमा गो भौ नं. 346/2078.3.21 बाट अतिथी फर्मा एण्ड ट्रेड प्रा लि लाई रु. 899983 भुक्तानी दिएको छ ।आ.व. को अन्त्यमा सामाग्री खरिद गरी वितरण गरिएकोमा कार्यक्रमको उद्देश्य अनुरुप शिक्षाको गुणस्तरमा टेवा पुगेको/नपुगरेको भन्न सकिने आधार देखिएन साथै उक्त सामाग्री वितरण नगरी स्टोरमा मौज्दातमा रहेको कार्यालयले जनाएको छ। गाँउपालिकाले यस सम्वन्धमा अनुगमन गर्नुपर्दछ । क) उक्त सामाग्रीको गुणस्तर परिक्षण गरी वितरण गर्नुपर्नेमा सो गुणस्तर परिक्षण गरेको प्रमाण पेश गरेको छैन । साथै विद्यालयगत अभिलेख खाता नभएको कारण कुन विद्यालयलाई कति मात्रामा आवस्यक थियो र सो बमोजिम वितरण भए/नभएको एकिन गर्न सकिएन ।	
८५			**कार्यक्रम संचालन** आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली 2077 को निमय 39 अनुसरा सार्वजनिक निकायले कार्यक्रम संचालन गर्दा कार्यक्रमको प्रस्ताव अनुसार लागत अनुमान तयार गरी जिम्मेवार पदाधिकारीबाट स्वीकृत गराई सोही बमोजिम कार्यक्रम संचालत गरी आवस्यक प्रमाणित कागजात र विल भरपाई सहित प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।गा पा मा संचालित संघीय सशर्त चालू अन्तगरका निम्नानुसार कार्यक्रममा सो नियम पालना भएको छैन । कार्यक्रम संचालन प्रतिवेदन पेश गर्नुपर्दछ ।	१४,८००

गो भौ नं र मिति	कार्यक्रमको नाम	विवरण	रकम
203/078.1.31	नाक कान घाटी र मूख सम्वन्धी अभिमुखिकरण कार्यक्रम	कार्यक्रम संचालनको प्रतिवेदन नभएको	100000
204/078.1.31	स्वास्थ्य चौकी न्यूनतम मापदण्ड सेवा सम्वन्धी कार्यक्रम	कार्यक्रम संचालनको प्रतिवेदन नभएको	200000

			क) कार्य संचालन निर्देशिका 2075 अनुसार संघीय सशर्त अनुदानमा संचालित २ दिने कार्यक्रम नाक कान घाटी र मूख सम्वन्धी अभिमूखिकरण तालिममा ३४ जना महिला स्वंवसेविकालाई रु 400 का दरले भुक्तानी भई बढि भुक्तानी भएको रु. 6800 र ५ जना सहभागीलाई सहभागि भत्ता वापत रु 700 का दरले भुक्ताती दिनुपर्नेमा 1500 का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रकम रु. 4000 गरी कुल असुल गरी दाखिला गर्नुपर्ने रु. ख) कार्य संचालन निर्देशिका 2075 अनुसार संघीय सशर्त अनुदानमा संचालित २ दिने कार्यक्रम स्वास्थ्य चौकी न्यूनतम मापदण्ड सेवा सम्वन्धी कार्यक्रममा ३४ जना महिला स्वंवसेविकालाई रु 400 का दरले भुक्तानी भई बढि भुक्तानी भएको रु. 6800 र ५ जना सहभागीलाई सहभागि भत्ता वापत रु 700 का दरले भुक्ताती दिनुपर्नेमा 1500 का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रकम रु. 4000 गरी कुल असुल गरी दाखिला गर्नुपर्ने रु.		
८६			**औषधि खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम 5 लाख देखि २० लाख सम्मको लागत अनुमान भएको सामाग्रीको खरिद सिलवन्दी वोलपत्रको माध्यमबाट खरिद गर्न सकिने व्यवस्था छ । जस विपरित कार्यलयले ३ वटा मूल्यसुची मागी सो को माध्यमबाट 56 आइटमको औषधीको लागि रु १० लाख युथ भिजन मेडिसिन डिष्टिव्युटर्सलाई गो भौ नं 5/078.2.27 बाट भुक्तानी भएको छ । सम्झौता अनुरुप सामाग्री सप्लाई गरेको भनी उक्त सप्लायर्सलाई भुक्तानी भएकोमा निम्नानुसार व्यहोरा देखिएका छन् । क) खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन। ख) आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको देखिएन । ग) आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । घ) औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको पाइएन । ङ) औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको उपयुक्त देखिएन ।		
८७			**फोटोकपी विल**		९७,७९०

<table>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी खर्च गर्दा खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले रोजगार सेवा केन्द्र सुद्दढिकरण शिर्षकबाट वि एण्ड वि ट्रेर्डस इन्टरनेशनललाई 97790 भुक्तानी भएको सक्कल विल पेश नगरी फोटोकपी विल पेश भएको छ। अत उक्त सप्लायर्सबाट कर समायोजन पत्र पेश गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>८८</td><td></td><td></td><td>दाखिला प्रतिवेदन
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी खर्च गर्दा खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले पन्जीकरण कार्यक्रम अन्तर्गत खरिद आदेश र दाखिला कागजात बेगर गो भौ नं 350/078.3.21 बाट असिम ट्रेड एण्ड सप्लायर्सलाई रु. 88739 भुक्तानी दिएको छ । सामानको खरिद आदेश दाखिला प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने मा कार्यालयको मिति २०७८।८।२ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु 88739 मिति २०७९।२।२९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।</td><td></td></tr>
<tr><td>८९</td><td></td><td></td><td>करसमायोजन पत्र
सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ (२) नियम १२३ बमोजिम कट्टि गरेको घरौटीको भुक्तानी दिदा त्रुटी सच्चाउने अवधि समाप्त भएपछि ५० प्रतिशत घरौटी कट्टी रकम भुक्तानी दिनुपर्दछ र बाँकी कट्टी घरौटी भुक्तानीको हकमा सम्वन्धित निर्माण व्यवसायी ले कर विवरण पेश गरेको प्रमाण पेश गरे पश्चात भुक्तानी दिनुपर्ने व्यस्था रहेको छ । पालिकाले निम्नानुसार व्यवसायीलाई कट्टी घरौटी फिर्ता गर्दा निर्माण व्यवसायीले पेश गर्नुपर्ने आन्तरिक राजश्व कार्यालयको कर विवरण पेश गरेको प्रमाण कागजात बेगर नै भुक्तानी गरेको छ ।कर विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><td rowspan="2">मिति/ गो.भौ.</td><td rowspan="2">रकम</td><td rowspan="2">मु.अ.कर रकम</td><td>५०.००%</td><td rowspan="2">फर्मको नाम</td></tr>
<tr><td>मु.अ.कर</td></tr>
<tr><td>१७/२०७८/२/३०</td><td>४९३१०९</td><td>५६७२९.४</td><td>२८३६४.७</td><td>क्रिष्टल निर्माण सेवा</td></tr>
<tr><td>१८/२०७८/२/३१</td><td>७५२०३</td><td>८६५१.७</td><td>४३२५.८५</td><td>क्रिष्टल निर्माण सेवा</td></tr>
<tr><td>२२/२०७८/३/२९</td><td>१७६९९१</td><td>२०३६१.८</td><td>१०१८०.९</td><td>क्रिष्टल निर्माण सेवा</td></tr>
<tr><td>२३/२०७८/३/२९</td><td>४०५५८५</td><td>४६६६०.२</td><td>२३३३०.१</td><td>क्रिष्टल निर्माण सेवा</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६६२०१.५५</td><td></td></tr>
</table></td><td>६६,२०१.५५</td></tr>
</table>

९०			**जैविक मल वितरण** जैविक मल खरिदः कार्यालयले ७५% अनुदानमा जैविक मल वितरण गरी गो.भौ.१७, १८-०७८।०१।२६ बाट रु.२४७००० खर्च लेखेको छ। तर खरिद गरिएको जैविक मल वितरण गरेको पाईएन।कार्यक्रम संचालन गर्दा आर्थिक वर्षको अन्त्यमा हतार-हतारमा गर्नु भन्दा योजनाबद्ध तरिकाले खरिद प्रकृया अनपनाई सम्पूर्ण कृषकमा सूचना तथा वितरणको पहुँच पुग्ने गरी अनुदान वितरण गर्नुपर्दछ। वितरण कार्य भर्खरै शुरु गरिएको कार्यालयको भनाई छ।	
९१			**संचित कोष फिर्ता** कार्यालयले ५०%अनुदानमा जर्सी गाई वितरण गर्ने स्वीकृत कार्यक्रम अनुसार वायुथान एग्रीकल्चर रिसर्च प्रा.लि.बाट ३ वटा जर्सी गाई रु.१००००० का दरले खरीद गरी गो.भौ.२०, २१ र २२-२०७८।०३।२३ बाट जम्मा रू३००००० खर्च लेखेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन्। क) खरिद गरिएका ३ वटा जर्सी गाईहरु ५०% अनुदानमा प्राप्त गर्ने ३ कृषकहरुलाई अनुदानमा गाई वितरण गर्दा के, कस्ता कार्यविधि, मापदण्ड अपनाई वितरण गरियो प्रष्ट भएन।कार्यालयमा कति कृषकहरुको निवेदन पेश भएको र निर्दिष्ट कार्यविधि अपनाई आवश्यक पदाधिकारी तथा कर्मचारीहरु रही उपयुक्त कृषक छनौट गरेको हो भन्ने आधार पेश भएको छैन। सूचनामा सबै कृषकको पहुँच, आर्थिक स्थिति पहिचान एवं निश्चित वितरण कार्यविधि बनाएर मात्र अनुदान वितरण गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ। ख) अनुदानमा वितरण गरेको जर्सी गाईको कृषक लागत सहभागिता अन्तर्गत १ जनाबाट मात्र रु.५०००० गाउँपालिका संचितकोषमा दाखिला भएको देखियो तर बांकी २ कृषक बाट रकम जम्मा भएको नदेखिएकाले उक्त लागत सहभागिता रकम गाउँपालिका संचितकोषमा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने मा मा कार्यालयको मिति २०७८।८।२ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु १००००० मिति २०७९।२।२९ मा फछ्र्योट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।	
९२			**परामर्श सेवा** परामर्श सेवा :- कार्यालयले आवस्यकता पहिचान गरी बजेट व्यवस्था सुनिश्चित हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । क) डी.पी.आर.तयार गर्दा गाँउपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाँउपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै तयार गरिएका प्रतिवेदन जिन्सी दाखिला गरी आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्दछ ।	
९३			**प्रमाण** पालिकाले ७५ प्रतिशत अनुदानमा मकै विउ वितरण कार्यक्रमको वडा नं. १ मकैको विउ वितरण गरेको भर्पाई तथा प्राप्त कृषक लागत सहभागिता रकम विवरण पेश भएको छैन। अत प्रमाण कागजात पेश गर्नुपर्दछ ।	

९४			**प्रमाण** आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम 39(१०) विल प्रमाण कागजात अनुसार खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ।गो. भौ. ५३/२०७८/३/२७ बाट ओराङ्ग स्वास्थ्य चौकी, विगु -२ मा रुपक ठकुरिको रु. ३५००० को पे. फ. गर्दा बिल भर्पाई पेश नभएकोले सो को प्रमाण पेश गर्नुपर्ने मा कार्यालयको मिति २०७८।८।२ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु 35000 मिति २०७९।२।२९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो . क) यस पालिकाले गो. भौ. ५४/२०७८/३/२७ बाट बुलुङ्ग स्वास्थ्य चौकी विगु -३ को सरोज आचार्यको रु. ४०००० को पे. फ. गर्दा बिल भर्पाई बेगर भुक्तानी दिएकोमा सो को विल भर्पाईको प्रमाण पेश गर्नुपर्ने मा कार्यालयको मिति २०७८।८।२ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु 40000 मिति २०७९।२।२९ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो	
९५			**विपद व्यवस्थापन** क) समिति गठन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको गठन भएतापनि नियमित रुपमा बैठक बस्ने गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । ख) कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरी ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । ग) विपद् व्यवस्थापन कोष – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात र आम्दानी गरी रु. ३०००००० प्राप्त गरेकोमा रु २९७२६११ खर्च गरी बाँकी रु. २७३८९ देखिन्छ। पालिकाले नियममा तोकिएबमोजिम नियम बनाएको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	

९६

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम १२,८५०

लक्ष्य प्रगति :- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार परियोजना संचालन गर्न रु ३५ लाख बजेट प्राप्त भएकोमा रु. ३५ लाख खर्च भई १०० भौतिक प्रगति भएको छ । यस सम्वन्धमा निम्नानुसार व्यहोरा देखियो ।

सि नं	आयोजनाको नाम	आयोजनाको प्रकार	लागत अनुमान	कार्य सम्पन्न रकम
१	फिष्टे ढुङ्गा ताइलाङ्ग च्यानडाँडा सडक	सडक	१०६४७९१	१०६५६९३
२	चित्रे मावि लादुक	भवन	५११०००	५०८४८४
३	बोदार च्याखेपा खानेपानी	खानेपानी	५२९२६८	५३०६२७
४	छिरीङ्ग ढिलेन स्मृती प्रतिष्ठान	भवन	१११२०६२	१११२१६५
५	ओराङ्ग मानेडाँडा जेनेसि सडक	सडक	५२८५६४	५२९२२७
जम्मा			३७४५६८५	३७४६१९६

क) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ को बुदा नं. ६(घ) निर्देशक समितिले छनौट गरेका आयोजना स्वीकृतीका लागि स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहको स्वीकृती पश्यात योजना संचालन गर्नुपर्न व्यवस्था रहेता पनि यस कार्यक्रम अन्तर्गत निर्देशक समितिले सोझै योजना पठाएको देखिन्छ जसले स्थानीय आवस्यकताको सम्वोधन नहुनसक्ने भएकाले गाँउपालिकाले यस्ता आयोजना संचालन गर्दा नियमानुसार प्रकृया अवलम्वन गरि प्रभावकारी योजना छनौट हुने पद्धतिमा ध्यान दिनुपर्दछ ।

ख) फिष्टेढुङ्गा ताईलाङ्ग सोईलाँङ्ग च्यानेडाँडा सडकको भौ. नं. ३/२०७८/३/२ भुक्तानी गर्दा आयोजनाको ल.ई १०६४७९१.७२ र कार्यसम्पन्न मुल्याङ्कन रु.१०६५६९३.४६ रहेकोमा पालिकाले व्यहोर्ने खर्च रु.९६०००० रहेकोमा जम्मा रु. ९४७१५० बराबरको बिल भर्पाई पेश भएकोमा पेश भएको विल भर्पाई रकमभन्दा बढी भुक्तानी भएको रु.

९७

प्रधानमन्त्री रोजगार कार्यक्रम

==, प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७६ अनुसार प्रधानमन्त्री रोजगार कार्क्रमको मूख्य उद्वेश्य मुलक भित्र रोजगारका प्रयाप्त अवसर सिर्जना गरि उपलव्ध बेरोजगार जनशक्तिको लगत तयार गरि महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्याउने सुनिश्चितता गरी सामाजिक सुरक्षाको ब्यवस्था गर्नु रहेको छ । स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष जनालाई रोजगारी उपलव्ध गराई खर्च गरेको छ । लक्षित वर्गलाई 80 दिनदेखि 100 दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । कार्यालयबाट प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रगति विवरण तयार नगरेको कारण कति जनाले कति आयोजनामा रोजगारी प्राप्त गरेको सो को जानकारी प्राप्त भएन ।

९८

कोरोना खर्च

८१०,३५५

२ स्थानिय तहको आफ्नै बजेटबाट बिनियोजन रु. ४५५९४०३, संघीय संचित कोषबाट रु १० लाख प्रदेश सञ्चित कोष वाट ५ लाख, गरी जम्मा रु ६० लाख ५९हजार ४०३ प्राप्त भएकोमा निम्नानुसार रु ५५ लाख ५९ हजार खर्च भएको छ ।

क्र सं	शिर्षक	रकम
१	आइसोलेसन खर्च	४८००००
२	क्वारेन्टाईन होल्डिन सेन्टर निर्माण	२८३०००
३	जनशक्ती परिचालन भत्ता	१५००००
४	औषधी एंव उपकरण	१४५८०५३
५	स्वास्थ्य पूर्वाधार निर्माण	११६६८५५
५	अन्य	५०००००
जम्मा रकम		५५५९४०३

क) प्रशासनिक कर्मचारीलाई भत्ताः कोरोना भाइरसको संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ को बुदा नं. ३ मा स्थानीय तहमा कोरोना उपचारमा संलग्न कर्मचारी तथा अन्य जनशक्ति व्यवस्थापनमा संलग्न कर्मचारी तथा कोरना नियन्त्रण कार्यको अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न कर्मचारीलाई सो कार्यमा खटाएको प्रमाण वा खटिएको स्थानमा कार्य गरको प्रमाणित हाजिरी पेश भएको खण्डमा शुरु तलव स्केलको ५० प्रतिशत सम्म जोखिम भत्ता

दिन सक्ने व्यवस्था रहेको मा सो कार्यमा संलग्न भएको भनि विभिन्न पदका प्रशासनिक शाखामा कार्यरत कर्मचारी उक्त माथी उल्लेखित कार्यमा सरिक भएको भनि 20 जना कर्मचारीलाई 1 प्रतिशत कर सहित गो भौ नं 383/078.3.25 रु. 810355 खर्च लेखेको छ । उपरोक्त कार्यमा खटिएको प्रमाण र प्रमाणित हाजिरी पेश हुनुपर्ने रु.

९९

लक्ष्य प्रतगि

लक्ष्य प्रतगि :- प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ बमोजिम कार्यान्वयन हुने प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार परियोजना संचालन गर्न रु. ४५ लाख बजेट प्राप्त भएकोमा रु. ४५ लाख खर्च भई 10० प्रतिशत भौतिक प्रगति भएको छ ।

सि नं	आयोजनाको नाम	लागत अनुमान	कार्य सम्पन्न रकम
१	विगु प्राविधिक विद्यालय छात्रावास निर्माण	३१९७७०८	३५३९७१०
२	शान्ति आदर्श मावि खापा निर्माण	१०६०९७८	१०६२०७७
३	देवालिंगेश्वर मावि पूर्वाधार निर्माण	१०६३५२९	१०६४१६५
जम्मा		५३२२२१५	४६६५९५२

१००

योजना संचालन

लेखापरीक्षणको शिलशिलामा निम्नानुसारका योजनाहरु निरिक्षण गर्दा देहाएका व्यहोरा निम्न छन् ।

योजनाको नाम	लागत अनुमान	कार्य विवरण	कार्यभएको	देखिएको व्यहोरा
जगत प्रतिक्षालय	320809	फलाम जस्ता प्रयोगा गरी प्रतिक्षालय निर्माण	321850	फलामको तेस्रो प्लेट खिया लागेकोले पेन्ट गर्नुपर्ने देखिएको ।
जगत ग्याविन जाली सडक स्तरोन्नती		ग्याविन जाली लगाउने एंव सडक सुधार गर्ने	2114751	लागत अनुगमन र कार्य सम्पन्न पेश नभएको साथै वर्षान्तको पानीले सडक, विगारेको सडकमा पानी बगेको एंव घास पालाएको देखियो ।

१०१ **सामाजिक सुरक्षा** ८,०००

क) सामाजिक सुरक्षा भत्ता निकासा/खर्चः आ.व.०७७।०७८ मा यस कार्यालयलाई संघीय स्रोतबाट सामाजिक सुरक्षा भत्ता वितरणका लागि रु.६४०,८२,२४४ निकासा तथा खर्च गरेको पाईयो। सामाजिक सुरक्षा भत्ता प्रणालीको बैंक नगदी कितावमा पेश्की फछर्यौट् बाँकी रकम रु.१,३४,५०,०९१ देखियो।जुन कार्यालयले वडा नं.२, ३, ४ र ५ को तेस्रो किस्ताको पेश्की फछर्यौट् २०७८ आषाढ मसान्त भित्र CGAS प्रणालीमा ईन्ट्री गर्न छुट भएकाले पेश्की फछर्यौट बाँकी देखिएको पाइयो। हाल ती वडाहरुले भत्ता वितरण भर्पाई, बाँकी रकम दाखिला भौचर पेश गरिसकी पेश्की फछर्यौट् गरेको पाईएको छ।

ख) सामाजिक सुरक्षा भत्ता वितरणः सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १७ र सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १०(३) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैङ्किङ प्रणालीबाट मात्र गर्नुपर्ने व्यवस्था गरिएको छ।सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) मा प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगईसकेका स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहबरमा भत्ता रकम वितरण गर्नपर्ने व्यवस्था रहेको छ ।त्यसैगरी सामाजिक सुरक्षा कार्यविधि, २०७५ बुदा नं.२२ मा मन्त्रालयको स्वीकृति बिना हातहातै नगद वितरण गर्न नपाईने व्यवस्था उल्लेख व्यवस्था भएतापनि गाउँपालिकाले यस सम्बन्धमा मन्त्रालयबाट स्वीकृति नलिई हातहातै नगद वितरण गरी औंठाछाप/सहीका आधारमा भर्पाई राखी भत्ता वितरण गरिएको, भत्ता बुझिलेने व्यक्तिहरु ज्वाई, नाती, बुहारी, भतिज, जेठाजू, भाई बुहारी आदि उल्लेख छ। यसबाट वास्तविक लाभग्राहीले नै भत्ता पाए, नपाएको सुनिश्चित भएन। यस सम्बन्धमा गाउँपालिकाले वास्तविक लाभग्राहीले भत्ता रकम पाए, नपाएको यकिन गर्नुपर्ने देखिन्छ।सामाजिक सुरक्षा भत्ता वितरण यथाशिघ्र बैकिङ प्रणालीबाट गर्ने, लाभग्राही नामावली तथा सम्पूर्ण विवरण समयमा नै उल्लेखित विद्युतिय प्रणालीमा ईन्ट्री गर्ने, आवश्यक लगत कट्टा गर्ने, दोहोरो नामावली हुन नदिने, MIS प्रणालीमा उल्लेख बमोजिमको लाभग्राहीहरुलाई भत्ता वितरण पश्चात वडागत रुपमा, नाम नामेसी, परिचयपत्र नं., नागरिकता नं. आदि उल्लेख गरिएको बैंक भर्पाई माग गरी तोकिएका सामाजिक सुरक्षा भत्ता लाभग्राहीले नियम बमोजिम भत्ता प्राप्त गरे-नगरेको सुनिश्चित गर्ने गर्नुपर्दछ।

			ग) सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १२ मा स्थानीय तहले सामाजिक सुरक्षा भत्ता वितरण गर्नु अघि भत्ता पाउने व्यक्तिको अभिलेख राख्दा ऐनको दफा १७ बमोजिम आफुले भत्ता वितरण गर्ने नागरिकको वडागत रुपमा अन्तिम सूची तयार गरी अनुसूची-३ बमोजिम फोटोसहित तोकिएको ढाँचामा राख्नुपर्दछ। गाउँपालिकाले अभिलेख राख्दा सम्पूर्ण सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको फोटो, परिचय पत्र नं., नागरिकता नम्बर, अपाङ्गता परिचय पत्र नं., राष्ट्रिय परिचयपत्र नं.आदि जस्ता पूर्ण विवरण उल्लेख गरी अभिलेख तथा MIS विवरणमा राखेको पाईएन । यस सम्बन्धमा कार्यालयले तोकिएको ढाँचामा पूर्ण विवरण उल्लेख गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ। घ) वितरण भर्पाई अपुगः कार्यालयको वडा नं.६, तेस्रो किस्ता बापत वडा सचिव सुशिल रिजालको पेश्की रु.२३०८६०० फर्योट गर्दा भत्ता वितरण भर्पाई जोडजम्मा गर्दा रु २२६४००० मात्र भएकोले रु ४४६०० फिर्ता गर्नुपर्नेमा रु ३६६०० मात्र फिर्ता गरेकोले नपुग रकम असुल गरी संघीय खातामा दाखिला गर्नुपर्ने रु ङ) नमुना छनौटको रुपमा वडा नं.४ र ६ को भत्ता वितरण वितरण भर्पाई हेर्दा भर्पाई विवरणमा सम्पूर्ण विवरण नभरेको, नागरिकता नंम्बर उल्लेख नभएको भनि लेखेको, भत्ता बुझिलिनेमा स्वयंम् लाभग्राही नभई विभिन्न नातेदारले बुझेको देखिएको छ। त्यसैगरी पेश्की फछर्यौट्मा भर्पाईको जोडजम्मा फरक आउने देखिएकाले अन्य वडाहरुको हकमा कार्यालयले भरपाई खर्च, दाखिला रकम एकिन गरी भरपाई भन्दा बढी खर्च देखिएकमा संघीय बेरुजु खातामा दाखिला गराउनुपर्दछ।	
१०२			सम्परीक्षण **सम्परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२)(घ) बमोजिम वेरुजू फछ्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था गरेको छ । बेरुजुको विवरण अद्यावधिक गरी नियमानुसार बेरुजु फछ्यौट गर्नुपर्दछ । कार्यालयले गत विगत वर्षसम्मको बेरुजू मध्ये रु.१७३२७५७ लेखापरीक्षण डोरमा सम्परीक्षणको लागि अनुरोध गरेकोमा प्रमाण कागजातको आधारमा रु. १५४३२२८ सम्परीक्षण भएको छ।	

आर्थिक वर्ष	बेरुजु दफा	बेरुजु संक्षिप्त व्यहोरा	बेरुजु रकम	फछ्यौट गरिएको आधार र व्यहोरा	संपरिक्षणको लागी पेश भएको रकम	संपरीक्षण भएको रकम
२०७६/७७	२१	बैठक भत्ता	८५००	असुल गरिएको	८५००	८५००
२०७६/७७	३४	रितपुर्वक कर विजक	२३७९९	सक्कल बिल पेश भएको	२३७७९	२३७७९
२०७६/७७	३८	नर्म्सको प्रयोग	७०७८४३	भवजन्य निर्माण कार्यमा भवनको नर्म्स प्रयोग भएको प्रमाण पेश भएको	७०७८४३	५१८४१४
२०७६/७७	४०।१	सिंगटी लादुक बुलुङ्ग ओराङ्ग सडक	४२२००९	गा. पा. को डोजर प्रयोग भएको लगसिट र गा. पा. को बैकमा रकम जम्मा भएको प्रमाण पेश ।	४२२००९	४२२००९

२०७६/७७	४०।२	सिंगटी लादुक बुलुङ्ग ओराङ्ग सडक	३८५४०२	गा. पा. को डोजर प्रयोग भएको लगसिट र गा. पा. को बैकमा रकम जम्मा भएको प्रमाण पेश ।	३८५४०२	३८५४०२
२०७६/७७	४२	घटी कार्य सार्वजनिक शौचालय मर्मत वडा नं. ४	१४५८४.१४	डण्डिको बिल रकम नजोडिएकोमा बिल पेश भएको	१४५८४.१४	१४५८४.१४
२०७६/७७	६७.८	दिवा खाजा अनुदान	१७०६४०	दिवा खाजा अन्तर्गत १२१ दिनको रुजु हाजिरको प्रमाण कपेश भएको	१७०६४०	१७०६४०
जम्मा					१७३२७५७	१५४३३२८

१०३			अनुगमन **अनुगमनः** गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, कर वीजक लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।	

https://nams.oag.gov.np

१०४			बेरुजुको अध्यावधिक अवस्था **अनुगमनः** गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, कर बीजक लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।	